
जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ • अंक २६१ • २०८० साल फाल्गुन ५ गते शनिबार (17 Feburary, Saturday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

# मधेश प्रदेशमा ६ गते विश्वासको मत

## विश्वासको मत दिन गठबन्धन दलको निर्णय, २ बजे भोटिंग

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशमा गठबन्धनबाट जनमत पार्टी बाहिरिएर सरकारलाई दिएको समर्थन समेत फिर्ता लिएपछि मुख्यमन्त्री सरोज कुमार यादवले आइतबार विश्वासको मत लिने भएका छन् ।

मुख्यमन्त्री यादवको कार्यालयले विश्वासको मत लिने जनाउ प्रदेश सभालाई गराइसकेको छ । प्रदेश सभाले सदस्यहरुलाई आइतवार दिउँसो २ बजे मुख्यमन्त्रीले विश्वासको मत लिने सूचना पठाइसकेको छ ।

प्रदेश सभाको बैठक बस्ने सूचना माननीय सभासदहरुलाई पठाइसकिएको प्रदेश सभाका कानुन अधिकृत अरुण झाले बताए । सभामुखको निर्देशानुसार सूचना जारी गरिएको उनले बताए ।

गठबन्धन दलका प्रमुख सचेतकहरुले पनि सभासदहरुलाई बिहान ११ बजे प्रदेश सभामा उपस्थित हुने सूचना जारी गरेको छ । पार्टीहरुले बिहान संसदीय दलको बैठक राखेका छन् । दिउँसो विश्वासको मतलाई प्रदेश सभामा निर्णयार्थ प्रस्तुत गर्ने तयारी रहेको बताइएको छ ।

मधेश प्रदेशमा १ सय ७ जना सभासद रहेका छन् । सरकारका लागि ५४ जना सभासदको समर्थन चाहिन्छ । प्रदेश सभाको हालको गणित अनुसार सत्ता गठबन्धनमा ६५ जना भन्दा बढी सभासद छन् । नेपाली कांग्रेसका २२ जना सभासद, जनता समाजवादी पार्टी(जसपा)का १९ जना सभासद, माओवादीका ९ जना सभासद, नेकपा एसका ७ जना सभासद र लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा) का ९ जना सभासद रहेका छन् । त्यस मध्ये लोसपाका प्रमुख सचेतक रहेका अभिराम शर्माले मतदान प्रकृयामा सहभागी हुने छैनन् । जिल्ला अदालत महोत्तरीबाट उनी पक्राउको सूचीमा रहेकाले शर्मा अदृश्य रहन थालेका छन् ।

> उच्च स्रोतहरुका अनुसार जनमत पार्टीले सरकार छाडेपछि रिक्त भएको २ मन्त्रालय मध्ये एउटा कांग्रेसले र अर्को माओवादीले लिने भद्र सहमति भएको छ । यद्यपि कुन मन्त्रालय कुन दलले लिने त्यो निर्णय मुख्यमन्त्रीलाई छाडिएको बताइएको छ ।

राष्ट्रिय प्रजातन्त्र पार्टी(राप्रपा), संघीय समाजवादी पार्टी र नागरिक उन्मुक्ति पार्टीलेपनि मुख्यमन्त्रीलाई विश्वासको मत दिने संभावना रहेको छ । विगतमा पनि तीनै दलका सभासदहरुले विश्वासको मत दिएका थिए । तीनवटै दलका १/१ जना सभासद रहेका छन् । प्रदेश सभामा अब एकजना प्रमोद जयसवाल मात्र स्वतन्त्र सभासद छन् । उनले पनि विश्वासको मत दिने संभावना रहेको बताइएको छ । सत्ता गठबन्धनबाट जनमत पार्टी बाहिरिएसँगै सरकारलाई दिएको समर्थन पनि फिर्ता लिएको थियो ।जसपा संसदीय दलका नेता सरोज कुमार यादवले मुख्यमन्त्रीको शपथ लिएकै दिन जनमत पार्टीबाट भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रीको रुपमा जनमत पार्टीका सभासद वसन्त कुमार कुशवाहाले पनि शपथ लिएका थिए ।

मधेश कृषि विश्वविद्यालयको नवनिर्माण हुन लागेको भवनको शिलान्यास सम्बन्धी विवाद हुँदा जनमत पार्टीले सरकार छाडेको थियो । जनमत पार्टी संसदीय दलका नेता महेश प्रसाद यादव शिक्षा मन्त्री र प्रमुख सचेतक चन्दन सिंह श्रम तथा यातायात मन्त्री थिए । गत माघ ९ गते जनमत पार्टीले सरकार छाडेको थियो ।

सरकारलाई दिएको समर्थन कुनै दलले फिर्ता लिने प्रदेश सभामा मुख्यमन्त्रीले ३० दिन भित्र विश्वासको मत लिने चलन छ । सरकार अल्पमतमा नपरे सम्म विश्वासको मत लिनुपर्ने बाध्यात्मक कानुन नरहेको सभासदहरु बताउँछन् ।

त्यस अघि एमालेले सरकारबाट अलग्गिएपछि मुख्यमन्त्री यादवले विश्वासको मत लिएका थिए । तर त्यस बखत पनि सबै दलले सरकारको पक्षमा मतदान गरेका थिए ।

सरकारलाई विश्वासको मत दिने सम्बन्धमा संघीय गठबन्धन दलको शुक्रवार बिहान प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा बसेको बैठकले प्रदेश सरकारलाई विश्वासको मत दिने निर्णय गरेको थियो । बैठकमा गठबन्धन दलका शीर्ष नेताहरुको सहभागिता रहेको थियो ।

यस अघि माओवादी संसदीय दलका नेता भरत साहले सरकारको नेतृत्व फेर्नुपर्ने माग गरेका थिए । उच्च स्रोतहरुका अनुसार जनमत पार्टीले सरकार छाडेपछि रिक्त भएको २ मन्त्रालय मध्ये एउटा कांग्रेसले र अर्को माओवादीले लिने भद्र सहमति भएको छ । यद्यापि कुन मन्त्रालय कुन दलले लिने त्यो निर्णय मुख्यमन्त्रीलाई छाडिएको बताइएको छ ।

मुख्यमन्त्रीसित असन्तुष्ट देखिएका कांग्रेस संसदीय दलका नेता कृष्णा यादव र माओवादी केन्द्र दलका नेता साहले सरकारको आलोचना गरे पनि नेकपा एस संसदीय दलका नेता गोविन्द बहादुर न्यौपानेले सरकारको पक्षमा उभिएका थिए ।लोसपाका नेताहरु खासै प्रतिकृया जनाएनन् ।

खुशिको खबर ! खुशिको खबर !! खुशिको खबर !!!
कृष्णा मेडिकल एण्ड टेक्निकल रिसर्च सेन्टर (अस्पताल)
ब्रह्मपुरी, जनकपुरधाम-९, धनुषा (नेपाल)
साबिकको जानकी मेडिकल कलेजको सिटी हस्पिटल भवनमा



डा. हेमन्त कुमार साह
एन.एम.सी.नं. १५०४०
एम.बि.बि.एस., एम.एस. (न्यूरोसर्जरी)
एम.सी.एच., न्यूरोसर्जरी (टि.यू., आई.ओ.एम.)
कन्सल्टेन्ट न्यूरोसर्जन

- यहाँ Brain तथा Spinal सम्बन्धित सबै शल्यक्रिया (Operation) आधुनिक मेशिनद्वारा गरिन्छ ।
- यहाँ २४ घण्टा ICU तथा Emergency सेवा उपलब्ध छ ।

१) टाउको दुख्नु (Migraine headache) अर्द्धकपारी
२) टाउको, ढाड, हात तथा खुट्टाको समस्या
३) नशा च्यापिनु
४) छारे रोग
५) हात, खुट्टा पोल्नु
६) हात, खुट्टा झमझम गर्नु र कामनु
७) रिंगटा लाग्नु
८) प्यारालाइसिस
९) हिडदा हुतिनु
१०) पक्षघात (Brain Haemorrhage, Brain Tumor)




टाउको तथा नाशामा चोटपटक लाग्नु सम्बन्धी सम्पूर्ण रोगको लागि एउटै गन्तव्य ।
सम्पर्क नं. ०४१-५९१०९२, ९८१४०२९७६९

मधेश प्रदेशको राजधानी साँस्कृतिक नगरी जनकपुरधाम स्थित होटल
ANJANI SUITE




विशेषताहरू
- लक्जरीयर्स रुमहरु
- ठुलो पार्किङ्ग
- जनकपुरधामको रमणीय दृश्य देखिने रुफटप रेष्टुरेन्ट
- EV चार्जिङ्ग स्टेशनको व्यवस्था
- मल्टीक्यूजन रेष्टुरेन्ट, पार्टी हल, कन्फ्रेन्स हल
- विमानस्थलबाट पिकअप एण्ड ड्रपको व्यवस्था

सम्पर्क
९८५४०३०५०२, ९८५४०२७५९१
हनुमान मार्ग, कपालमोचनी सर, जनकपुरधाम-८, धनुषा
Anjani Suite

जाडोमा लिनुपर्ने सावधानीहरू

पानी प्रशस्त पिउने
शरीरमा पानीको मात्रा प्रशस्त भएमा चिसोले गर्दा रगत बाक्लो हुने जोखिम कम हुन्छ ।

Warm Up गर्ने
शारीरिक व्यायाम सुरु गर्नु भन्दा अघि शरीरलाई सक्रिय बनाउने अनि ब्यायाम सूरु गर्ने ।

हिंडाइको गति कम गर्ने
चिसोमा मुटुमा जोखिम घटाउन हिडाइको स्पिड कम गरेर, हिडाइको अवधि बढाउनु सुरक्षित उपाय हुन्छ ।

मदिरा र चुरोट सेवन नगर्ने
जाडो महिनामा मुटुमा हुने असरलाई मदिरा तथा धुम्रपानले झन् बढाउने हुनाले यसको प्रयोग नगर्नु राम्रो हुन्छ ।

चिसो हावा र पानी परेको बेलामा बाहिर व्यायाम गर्न निस्किनु हुँदैन ।

सुगर, प्रेसर, कोलेस्ट्रोलको राम्रो नियन्त्रण
जाडो महिनामा प्रेसर सुगर र कोलेस्ट्रोलको स्तर बढ्ने हुनाले यसको जाँच र नियन्त्रण गर्न जरूरी छ ।

धेरै चिल्लो खानेकुरा नखाने
जाडोमा कोलेस्ट्रोल बढने हुनाले धेरै चिल्लो, फ्राई, पार्टी, भोजको बेलामा सतर्क हुनुपर्दछ ।

चिसोमा हिड्दा छाती दुख्नु
मुटु रोगको प्रमुख लक्षण ब्लनष्लब चिसोमा बढी देखिन्छ र यस्तो छ भने डाक्टरलाई देखाउन जरूरी हुन्छ ।

औषधिको नियमित प्रयोग
मुटुरोग, प्रेसर, सुगर, कोलेस्ट्रोल आदिको औषधि नटुटाईकन नियमित खानु पर्छ ।

व्यायमको बेलामा चिसोबाट सुरक्षा
यसको लागि पर्याप्त लुगा लगाएर विशेष गरेर टाउको, कान, हात छोपेर हिड्नु पर्छ ।

पिपरा गाउँपालिका
पिपरा, महोत्तरी, मधेश प्रदेश



सुनसरीको इनरुवास्थित बिहीबारे हटियामा हिजो बिक्री गर्न राखिएको घुँगी । पौष्टिक तत्वले भरिपूर्ण घुँगी स्थानीय बजारमा प्रतिकिलो रु ७० मा बिक्री भइरहेको छ । *तस्बिर :रासस*

# स्वदेशमै छापिएका हुलाक टिकट प्रचलनमा

**टुडे समाचारदाता**

काठमाण्डु । चौसठ्ठी वर्षपछि नेपालमै छापिएको हुलाक टिकट शुक्रबारदेखि प्रचलनमा आएको छ । सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले जनक शिक्षा सामग्री केन्द्रमा मुद्रण गरिएका ११ प्रकारका हुलाक टिकटमा प्रकाशनको प्रथम दिवसीय टाँचा लगाईन् ।

हुलाक सेवा विभागले सहिद रामवृक्ष यादव, वाम आन्दोलनकी नेत्री साहना प्रधान, साहित्यक व्यक्तित्व तथा राजनीतिज्ञ नेत्रलाल पौडेल 'अभागी' र प्रजातान्त्रिक आन्दोलनका योद्धा कामी बुढा तथा नई प्रकाशनको रजत जयन्ती, श्रीबला त्रिपुरासुन्दरी देवी मन्दिर, औषधीय गुणले भरिपूर्ण मरेठी र विभिन्न चार प्रकारका जडीबुटी अङ्कित हुलाक टिकट प्रकाशन गरेको हो ।

राष्ट्रिय व्यक्तित्व, महत्त्वपूर्ण जडीबुटी, धार्मिकस्थलका ८० लाख थान हुलाक टिकट प्रकाशन गरिएको विभागका महानिर्देशक प्रदीप अधिकारीले जानकारी दिईन् ।



यसअघि भारत, इण्डोनेसिया, लादि् भयालगायत मुलुकमा हुलाक टिकट मुद्रण हुँदै आएको उल्लेख गर्दै उनले नेपालमै टिकट छापिन थालेसँगै समय र लागत बचत भएको बताईन् ।

कार्यक्रममा सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले राष्ट्रिय जीवनका महत्त्वपूर्ण व्यक्तित्व तथा औषधीय गुणले भरिपूर्ण जडीबुटी, भाषा-साहित्यको क्षेत्रमा क्रियाशील संस्था र प्रसिद्ध धार्मिकस्थलका बारेमा टिकट प्रकाशन गरिएको बताईन् । मुलुकको राजनीतिक परिवर्तनका लागि हजारौँको बलिदान भएको उल्लेख गर्दै उनले पछिल्ला पुस्ताले पनि सङ्घर्ष गरेको अघिल्ला पुस्ताका योगदानका बारेमा प्रष्ट हुनुपर्ने बताईन् ।

पूर्वमन्त्री दीनानाथ शर्माले मुलुकको राजनीतिक परिवर्तनमा योगदान दिनुभएको व्यक्तित्व तथा नेपालमा मात्रै पाइने जडीबुटीका बारेमा हुलाक टिकट प्रकाशन गरेर सरकारले प्रशंसनीइ काम गरेको बताए । पूर्वमन्त्री रामकुमारी झाँक्रीले सङ्घीय लोकतान्त्रिक गणतन्त्रका लागि अघिल्ला पुस्ताले ठूलो बलिदान गरेको उल्लेख गर्दै पछिल्ला पुस्ताले पनि उक्त योगदानबाट शिक्षा लिनुपर्ने बताए ।

# बालकुमारी घटना छानबिन समितिको प्रतिवेदन पेस



**टुडे समाचारदाता**

काठमाण्डु । बालकुमारी घटनाबारे सत्यतथ्य जाँचबुझ गर्न सरकारले गठन गरेको आयोगले उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठसमक्ष आफ्नो प्रतिवेदन प्रस्तुत गरेको छ ।

प्रतिवेदन बुझ्दै उपप्रधानमन्त्री श्रेष्ठले आयोगले सत्यतथ्य जाँचबुझ गरी मेहनतपूर्वक निकालेको निष्कर्षलाई कार्यान्यवन गरिने बताए । गत पुस १३ गते ललितपुरको बालकुमारीस्थित इपिएस कोरिया शाखा कार्यालयमा परीक्षा फारमा भर्ने विषयलाई लिएर भएको प्रदर्शनमा चौरपाटी अछामका वीरेन्द्र शाह र महाबु दैलेखका सुजन रावतको मृत्यु भएको थियो ।

उक्त घटनाको जाँचबुझ गरी एक महिनाभित्र राय, सुझाव र सिफारिससहितको प्रतिवेदन पेस गर्नेगरी मन्त्रिपरिषद्ले गत पुस १६ मा जाँचबुझ आयोग गठन गरेको थियो । उच्च अदालतका पूर्वन्यायाधीश शेखरप्रसाद पौडेल अध्यक्ष तथा पूर्वअतिरिक्त प्रहरी महानिरीक्षक अरुणकुमार बिसी र गृह मन्त्रालयका प सहसचिव नारायणप्रसाद भट्टराई सदस्य रहेको आयोगले गत पुस २० देखि काम सुरु गरेर १५ दिन समय थप गरी ४४ दिनमा प्रतिवेदन बुझाएको हो ।

आयोगका अध्यक्ष पौडेलले जारी गरेको प्रेस विज्ञप्तिमा आयोगले घटनास्थलको निरीक्षण गरेको, प्रत्यक्षदर्शी, सञ्चारकर्मी पीडितका परिवार, घटनाका घाइते, विशेषज्ञ डाक्टर तथा घटनासँग सम्बन्धित अन्यसहित १६ जनाको बयान अभिलेख गरेको र घटनासँग सम्बन्धित सुरक्षा निकायका पदाधिकारी एवं अन्यसमेत गरी २९ जनाको बयान लिएको जनाइएको छ ।

इपिएस कोरिया शाखा बालकुमारी, जिल्ला प्रशासन कार्यालय ललितपुर, जिल्ला प्रहरी परिसर ललितपुर, सशस्त्र प्रहरी बल, नेपाल २१ नं गण दक्षिणकाली ललितपुर र राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय ललितपुरबाट प्रतिवेदनहरू लिइएको, घटनास्थलबाट बरामद भएका भौतिक सबुतको परीक्षण प्रतिवेदन तयार गरिएको थियो ।

यसैगरी, शव परीक्षण प्रतिवेदन तयार गरिएको, उपत्यका प्रहरी कार्यालय परिचालन कक्ष एवं प्रहरी प्रधान कार्यालय नक्सालबाट प्रहरी सञ्चारको विवरण तथा सिसिटिभी फुटेज लिइएको, घटनास्थल वरपर उपलब्ध भएसम्मका सिसिटिभीबाट फुटेज लिइएको र आयोगको इमेलमा प्राप्त भएका सूचनालाई गहन अध्ययन तथा विश्लेषण गरिएको विज्ञप्तिमा उल्लेख छ ।

# लोकतन्त्रबिना आमसञ्चारमाध्यम बलियो बन्दैन

काठमाण्डु । लोकतन्त्र र उदार समाजवादी व्यवस्थाले दिएको अधिकार क्षेत्रभित्र रही सूचना प्रविधिको तीव्रतर विकासले आमसञ्चारका अनेकन माध्यमहरु आएका छन् । छापामाध्यमदेखि अत्याधुनिक इन्टरनेट सञ्जालसम्म आइपुग्दा आमसञ्चारका माध्यममा आएको आमूल परिवर्तनसँगै सञ्चार प्रक्रियामा पनि व्यापक परिवर्तन आएको छ । एकतर्फी सञ्चारप्रणाली क्रमशः भत्किँदै गइरहेका छन् । यद्यपि, आमसञ्चारको सबैभन्दा पुरानो माध्यम छापालाई नै मानिएको छ ।

आमसञ्चारको पुर्खाका रुपमा मानिएको एक्टा डिउना प्रारम्भिक रुप मानिन्छ । इसापूर्व ५९ मा रोमन सम्राट जुलियस सिजरले सर्वसाधारण जनताका लागि सरकारी आदेश, युद्ध र राजपरिवारमा भएको महत्वपूर्ण घटना परिघटनाको जानकारी दिन एक्टा डिउनाको प्रयोग गरेका थिए । यो प्रयोग रोमका सर्वसाधारणलेसमेत गरेका थिए । त्यतिबेला नागरिकप्रति उत्तरदायी र जवाफदेही भएका शासकहरुले गरेको अभ्यास भन्ने गरिन्छ ।

आधुनिक छापामाध्यमको प्रारम्भ सन् १४४० मा जर्मन नागरिक जोहानेस गुटेनवर्गले प्रयोगमा ल्याए । उनले पहिलोपटक आधुनिक छापाखानाको आविस्कार गरेका थिए । यसबाट पर्चा, पुस्तकहरु प्रकाशन हुन थाल्यो । छापाखाना आविस्कार भएको दुई शताब्दीपछि मात्र पत्रपत्रिकाको प्रकाशन भएको पाइन्छ । बेलायतबाट प्रकाशित अम्सटर्डमलाई आधुनिक छापामा प्रकाशित पहिलो पत्रिका मानिए पनि यसको कुनै आधिकारिकता भेटिएको छैन । आधिकारिक प्रमाण भेटिएको पहिलो अङ्ग्रेजी पत्रिका १६ नोभेभर १६६५ मा बेलायतबाट प्रकाशित लन्डन गजेट मानिएको छ ।

सन् १९९५ मा मार्कोनीले रेडियो तरङ्गको अविष्कार गरे र पहिलो बेलायतबाट अमरिकासम्म आवाज पुगेको इतिहास छ । सन् १९२० मा पहिलोपटक अमेरिकाको केडिकेए रेडियोको माध्यमबाट मान्छेको आवाज सुनिएको थियो । सन् १९२२ मा बिबिसी रेडियो सुरुआत भयो । सन् १९२३ मा दक्षिण एशियामा रेडियो सिलोन (श्रीलङ्का) र सन १९२४ अल इन्डिया रेडियो सुरुआत भएको हो ।

छापामाध्यमलाई व्यवसायिकीकरण गर्न पेन्नी प्रेसको ठूलो योगदान छ । विज्ञापनबाट पत्रिका सबल बनाइनु पर्छ भन्ने कुरा पनि यहीँबाट आएको हो । यसपछि मूलतः पश्चिमा देशहरुमै छापामाध्यमको विकास भएको पाइन्छ । एउटा समय क्रममा प्रविधिको विकास भएपनि त्यसले फुल्ने फैलिने मौका भने राजनीतिक व्यवस्थाले प्रत्यक्ष परोक्षरुपमा प्रभाव पारेको देखिन्छ । ती देशहरुको लोकतान्त्रिक शासन र उदार पुँजीवादी अर्थ व्यवस्थाले मिडियाको विकासमा महत्वपूर्ण योगदान गरेको बुझ्न सकिन्छ ।

नेपाली पत्रकारिताको विकास क्रमलाई हेर्दा यो देशको राजनीतिक घटनाक्रमलाई सँगै राखेर हेर्नैपर्छ । राणा प्रधानमन्त्री जङ्गबहादुर बेलायत भ्रमणमा जाँदा बेलायतमा पत्रिका पढेर सूचना पाएपछि आफू फर्कदा १९०८ सालमा एउटा छापाखाना लिएर आएका इतिहास छ । त्यस छापाखानालाई 'गिद्धे प्रेस' को नामले चिनिन्छ । बेलायतको लोकतान्त्रिक व्यवस्थामा आमसञ्चार माध्यमको प्रभाव देखेरै प्रेस ल्याएको हो भन्न सकिन्छ । अर्थात जुन देशको व्यवस्था लोकतान्त्रिक र उदार छ, त्यहाँ आमसञ्चार माध्यमको तीव्रगतिमा विकास भएको इतिहासले देखाउँछ ।

नेपालको शासन व्यवस्थाको तुलानात्मक अध्ययन गर्दा राणा शासनकालमै प्रेस ल्याएर १९५८ सालदेखि गोरखापत्र छपाउन थाले पनि निजीस्तरबाट आमसञ्चारको सुरुआत प्रजातान्त्रिक व्यवस्थामा मात्रै भएको छ । १०४ बर्षे राणा शासनमा पहिलो पत्रिका सुधासागर, शारदा, 'उद्योग, घरेलु इलम, आँखा, जागरणलगायत जम्मा १३ वटा पत्रपत्रिका प्रकाशित भएका थिए, ती सबै साहित्यिक थिए । गोरखापत्र पनि राणा शासन लोकतान्त्रिक प्रधानमन्त्री भनिएका देव शम्सेरको पालामा सुरुआत भएको हो ।

तर विसं २००७ फागुन ७ गते नेपालमा प्रजातन्त्रको घोषणा भएपछि नेपालमा समाचारमूलक पत्रिकाको विकास भएको हो । रेडियो नेपालको २००७ चैत्र २० गतेदेखि औपचारिक सुरुआत नै भयो । प्रजातन्त्र आएपछि प्रकाशन स्वतन्त्रता प्राप्त भयो । प्रजातन्त्र प्राप्तिको दोस्रो दिन २००७ फागुन ८ गते नै पहिलो दैनिक पत्रिका ' आवाज' सुरु भएको ग्रीष्मबहादुर देवकोटाको 'नेपालको छापाखाना र पत्रपत्रिकाको इतिहास' २०५९मा उल्लेख छ ।

विसं २००७ पछिको २०१७ सालसम्मको यो दशकमा स्त्_यात्मकरुपमा पत्रपत्रिका प्रकाशन फस्टायो । यहीबेला नेपालमा समाचार एजेन्सीको प्रारम्भ भयो । विसं २०१८ साल फागुन ७ देखि राष्ट्रिय समाचार समिति(रासस)को सुरुआत भएपनि सगरमाथा संवाद समिति र नेपाल संवाद समिति २०१६ सालमै सञ्चालनमा आइसकेको थियो । तत्कालीन राजा महेन्द्रले आफ्नै हातमा शासन सत्ता लिएर पञ्चायती व्यवस्थाको घोषणा गरेपछि फेरि नेपाली मिडिया धारासायी बन्यो । पत्रपत्रिका प्रकाशनमा कडाइ गरियो । त्यति मात्र होइन, २०१९ साउन १४ गते काठमाडौं मेजिस्ट्रेड अफिसले दैनिक पत्रिका १०, साप्ताहिक पत्रिका ३२, पाक्षिक पत्रिका चार, मासिक पत्रिका ११, द्वैमासिक पत्रिका पाँच र त्रैमासिक पत्रिका तीन गरी जम्मा ६५ वटा पत्रिकाको प्रकाशन रद्द गरेको देवकोटाको 'नेपालको छापाखाना र पत्रपत्रिकाको इतिहास' २०५९ नामक पुस्तकमा उल्लेख छ ।



पञ्चायतकालमा पत्रिका प्रकाशन हुने र बन्द हुने निरन्तरता चल्यो । तर २०४६ सालको जनआन्दोलनले प्रजातन्त्रको उदय भयो । विसं २०४७ को 'नेपाल अधिराज्यको संविधान २०४७ ले पत्रपत्रिका प्रकाशनमा संवैधानिक प्रत्याभूति प्रदान गऱ्यो । नेपाल अधिराज्यको संविधान २०४७ को धारा १३ मा 'पत्रपत्रिका छापेको आधारमा प्रेसलाई सिलबन्दी नगर्ने, समाचार लेखेकै आधारमा पत्रपत्रिकाको दर्ता खारेजी गर्ने र समाचारमा सेन्सरसिप नगर्ने' स्पष्ट व्यवस्था गरेको थियो । यही संवैधानिक व्यवस्थाले राष्ट्रिय सञ्चार नीति २०४९ बन्यो । यही कारण नेपालमा प्रजातन्त्र प्राप्तिसँगै पत्रकारिता क्षेत्रमा उभार आयो । तर केही वर्षपछि नै २०५२ सालदेखि सुरु भएको नेकपा माओवादीको सशस्त्र द्वन्द्वका क्रममा विद्रोही र सुरक्षाकर्मीको दोहोरो चपेटामा पऱ्यो । दर्जनौ पत्रकारहरुले ज्यान आहुती दिनु पर्ने कति पत्रकार अझै पनि बेपत्ता छन् ।

विसं २०६३ को दोस्रो जनआन्दोलन सफल हुनेबित्तिकै लोकतन्त्र प्राप्तिको आन्दोलनमा सञ्चार क्षेत्रले महत्वपूर्ण भूमिका निर्वाह गरेका हुँदा अन्तरिम संविधान, २०६३ मा फराकिलो व्यवस्था गरियो । अभिव्यक्ति स्वतन्त्रता र सञ्चारमाध्यमका हकहितका विषयमा नेपालको संविधान २०७२ मा स्पष्ट व्यवस्था गरेको छ । नेपालको संविधान २०७२ को धारा १९ मा विद्युतीय प्रकाशन, प्रसारण तथा छापालगायतका जुनसुकै माध्यमबाट कुनै समाचार, सम्पादकीय, लेखरचना वा अन्य कुनै पाठ्य श्रव्यदृश्य सामग्रीको प्रकाशन तथा प्रसारण गर्न वा सूचना प्रवाह गर्न वा छाप्न पूर्व प्रतिबन्ध लगाइने छैन । त्यस्तै श्रव्य, श्रव्यदृश्य वा विद्युतीय उपकरणको माध्यम वा छापाखानाबाट कुनै समाचार लेख, सम्पादकीय, रचना, सूचना वा अन्य कुनै सामग्री मुद्रण वा प्रकाशन, प्रसारण गरे वा छापेबापत त्यस्तो सामग्री प्रकाशन प्रसारण गर्ने वा छाप्ने रेडिया, टेलिभिजन, अनलाइन वा अन्य सञ्चार माध्यमलाई बन्द, जफत वा दर्ता खारेज वा त्यस्तो सामग्री जफत गरिने छैन भन्ने स्पष्ट व्यवस्था भएपछि नेपालमा आमसञ्चारका माध्यम खुल्ने क्रम तीव्रगतिमा अगाडि बढेको छ ।

यी तथ्यलाई अध्ययन गर्दा लोकतान्त्रिक व्यवस्थामा आमसञ्चार माध्यमको विकास हुने र स्वतन्त्रताको उपभोग गर्न पाइने रहेछ भन्ने निष्कर्षमा पुग्न सकिन्छ । लोकतान्त्रिक व्यवस्थाको चार खम्बामध्ये आमसञ्चार एक हो । जनताद्वारा चुनिएको संसद, संसदले बनाएको सरकार, स्वतन्त्र न्यायालयलाई नियम, कानुनअनुसार काम गराउन खबरदारी (वाचडग) गर्ने कार्य आमसञ्चार माध्यमले गर्नुपर्छ । सूचनाको युगमा लोकतन्त्रको चौथो स्तम्भका रूपमा सञ्चारमाध्यमले महत्वपूर्ण भूमिका खेलेको छ । यसले एक निगरानीकर्ताको रूपमा काम गरिरहेको छ । सत्तामा रहेकाहरूलाई जवाफदेही बनाउन र नागरिकहरूलाई सही र निष्पक्ष जानकारी प्रदान गर्न, लोकतान्त्रिक प्रक्रियामा सहभागी बढाउन आमसञ्चारको भूमिका सशक्त हुन्छ र हुनुपर्छ ।

लोकतन्त्रमा पत्रिका, रेडियो, टेलिभिजन, अनलाइनसँगै डिजिटल मिडियाको उपभोग गरी विचार राख्ने, कला प्रस्तुति गर्ने र विज्ञापन गर्ने अवसर पाएका छन् । प्रजातान्त्रिक व्यवस्थाले दिएका स्वतन्त्रताको उपभोग गर्दा सामाजिक सद्भाव भड्किने, उच्छृ‌ङ्खलता प्रदर्शित हुने र कानुनी व्यवस्थालाई नै चुनौती दिने अवस्था आएपछि सरकारले नियमन र नियन्त्रणको प्रयास गर्नु पर्ने बाध्यता आएको महसुस पनि गराएको छ । प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता भनेको स्वच्छन्दता (छाडातन्त्र) होइन । नियम, कानुनको परिधिभित्र रहेर लोकतन्त्रको मूल्य मान्यताअनुसार राज्य र समाजप्रति उत्तरदायी र जवाफदेही बन्ने विषय हो ।

नेपालको सार्वभौमसत्ता र अखण्डताको रक्षा, सबै जाति, भाषा, धर्म, वर्ग, क्षेत्र तथा धार्मिक सम्प्रदायबीच समानता, आपसी सद्भावना र सामञ्जस्यता अभिवृद्धि गर्ने, भाषा र संस्कृतिको उत्थानमा सहयोग पुऱ्याई राष्ट्रहित र एकतामा अभिवृद्धि गराउने, छिमेकी मुलुक एवं मित्र राष्ट्रसँगको सम्बन्धलाई प्रवर्द्धन गराउने जस्ता कार्य गर्ने दायित्व आमसञ्चारमाध्यम प्रयोगकर्ताको हो । आमसञ्चारको माध्यमलाई गलत उपयोग गर्ने र आफ्नो जिम्मेवारी र सामाजिक उत्तरदायित्व बिर्सने कार्यले लोकतान्त्रिक व्यवस्था र कानुनको उपहास गर्छ । त्यसैले लोकतन्त्रलाई बलियो बनाउनु अहिले अवश्यकता हो । बलियो लोकतान्त्रिक व्यवस्थामा जिम्मेवार र जनउत्तरदायी संसद्, सरकार, न्यायलय र आमसञ्चार हुनुपर्छ ।रासस

## तपाईंको आज
पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : भ्रमण अवसर हुने । |
| बृष | : अवसर प्राप्त । |
| मिथून | : वाद विवादबाट बच्नु । |
| कर्कट | : पुरस्कार प्राप्त लाभ । |
| सिंह | : नयाँ कार्य हुने । |
| कन्या | : बौद्धिक क्षमता । |
| तुला | : प्रतिभा सम्पन्नता । |
| बृश्चिक | : शिक्षामा उन्नति । |
| धनु | : पारिवाहिक सुख । |
| मकर | : धन वृद्धि सञ्चय । |
| कुम्भ | : प्रेम प्रसंग, मित्र सुख । |
| मीन | : सुख समृद्धि हुने । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्होम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरतीःसाँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# फिरङ्गी नेतृत्वका कारण विकास हुन सकेन : प्रभु साह




**टुडे समाचारदाता**

गौर । आम जनता पार्टी (आजपा) का अध्यक्ष प्रभु साहले फिरङ्गी नेतृत्वका कारण रौतहटको विकास हुन नसकेको बताएका छन् ।

शुक्रबार गृह जिल्ला रौतहटको गौरमा आम जनता पार्टीले आयोजना गरेको कार्यक्रममा उनले हरेक आन्दोलनमा रौतहटको भूमिका नेतृत्वदायी रहेको भएपनि विकासको दृष्टिकोणले पनि निकै पछि परेको बताए ।

यसको प्रमुख कारण भनेर बाहिरको नेतृत्व नै भएको उनको भनाइ छ । 'रौतहटले राणाकालविरुद्धको आन्दोलनमा ठुलो योगदान गर्‍यो । सामन्तवाद विरोधी आन्दोलन होस् या लोकतन्त्रका लागि भएका आन्दोलन तथा जनयुद्ध र मधेश आन्दोलन सबैमा योगदान गर्‍यो । तर, पनि जिल्लाको विकास भएन', उनले भने, ' जिल्ला मानव विकासको सूचकांकमा पछाडि छ । यसको एउटै कारण भनेको बाहिरिया नेतृत्व भनौँ या फिरङ्गी नेतृत्व हो । फिरङ्गी गी नेतृत्वको को कारण रौतहटको विकास भएन ।'

दलका नेताहरूको लुटकारी प्रवृत्तिका कारण देशका जनता हीनताबोधले निराशामा फसेको उनले जिकिर गरे । उनले सफल देशको इतिहास भएको राष्ट्रका नागरिक अहिले दलहरूकै कारण निराशामा रहेको पनि जिकिर गरे । यस्तै भन्सार भन्सार कानुनको लुटकारी प्रावधान हटाउनुपर्नेमा जोड दिए । त्यसकै लागि दबाब दिन पार्टीले निरन्तर कार्यक्रम सञ्चालन गर्दै आएको भन्दै साहले यो व्यवस्थाको खारेज हुनै पर्ने बताए ।

यस्तै उनले हत्यारा बचाउन सरकार छोड्छु भन्नेहरूले मधेसको विकासका लागि किन बोलेन भन्दै प्रश्न पनि गरे । यसैबिच भन्सार छली नियन्त्रणको नाममा भइरहेको छिनछोर एवं लुट रोक्न सङ्घर्ष गर्ने प्रतिबद्धताका साथ गौर नगरस्तरीय भेलाबाट रामसेवक ठाकुरको अध्यक्षतामा ५१ सदस्यीय नगर कमिटी चयन गरिएको छ ।

# 'मुलुकको राजनीति तथा आर्थिक व्यवस्था सुधार गरौँ'

"नेपालको आर्थिक अवस्था नराम्ररी प्रभावित भएको छ, वर्तमान सरकार गठबन्धनको सरकार रहेकाले पटक-पटक आर्थिक अवस्थाको किन चर्चामा आएको भन्ने बारेमा गहनरुपमा ध्यान दिएर छलफल गरी पाइला अघि बढाउँदै समाधान गर्नका लागि सरकारसंग आग्रह गर्नेछु ।"

**टुडे समाचारदाता**

जनकपुरधाम । पूर्व उपप्रधानमन्त्री विमलेन्द्र निधिले मुलुकको राजनीतिक तथा आर्थिक अवस्था दयनीय रहेको बताएका छन् ।

जनकपुरधाममा शुक्रबार पेट्रोलियम डिलर्स एशोसिएसनको नवनिर्वाचित पदाधिकारीहरुको शपथग्रहण तथा पदस्थापन समारोहमा बोल्दै नेपाली कांग्रेसका पूर्व उपसभापतिसमेत रहेका नेता निधि नेपालको अर्थतन्त्र नीतिमा देखिएको समस्याका कारण आर्थिक अवस्था संकट उत्पन्न भएको बताए ।

अहिले गठबन्धनको सरकार रहेको भन्दै नेता निधिले वर्तमान राजनीतिक र आर्थिक अवस्था एकै पटक समस्या उत्पन्न हुनुको कारणसहित यसको समाधान तर्फ गम्भीररुपमा ध्यान केन्द्रित गर्न सरकारलाई आग्रह गरे ।

नेता निधिले भने- 'नेपालको आर्थिक अवस्था नराम्ररी प्रभावित भएको छ, वर्तमान सरकार गठबन्धनको सरकार रहेकाले पटक-पटक आर्थिक अवस्थाको किन चर्चामा आएको भन्ने बारेमा गहनरुपमा ध्यान दिएर छलफल गरी पाइला अघि बढाउँदै समाधान गर्नका लागि सरकारसंग आग्रह गर्नेछु ।'

नेता निधिले रुकुम, रोल्पा, जुम्ला, हुम्लालगायत स्थानमा पुग्दा मुलुकको आर्थिक अवस्था र राजनीतिक संकटको अवस्थाबारेमा त्यहाँका स्थानीय निकै चिन्तित देखिएको स्मरण गरे । उनले मुलुकको राजनीतिक प्रणाली विग्रिएकै कारण आर्थिक र सामाजिक संरचनाहरुसमेत प्रभावित हुन पुग्दा स्वाभिकरुपमा जनताहरुले दल र नेतामाथि प्रश्न गर्ने भएकाले यसप्रति सरकार, राजनीतिक दल, नेताले आफ्नो व्यवहार, कार्यशैली र नेपाली राजनीतिको व्यवस्थाको समेत परिणाममुखी सुधारका लागि सबैसंग अपिल गरे । उनले अहिले संघीय, प्रदेश र स्थानीय तहका सरकारका बारेमा विभिन्न खाले टिप्पणीलाई सबै राजनीतिक दलले सकारात्मकरुपमा ग्रहण गर्दै जनतामुखी राजनीति हुनु पर्ने बताए ।

यता केही दिन अघि भएको निर्वाचनबाट एशोसिएसनको अध्यक्ष पदमा किसुनदेव साह, उपाध्यक्ष पदमा राजीव पाठक र ललित साह, महासचिवमा रामरोशन साह, सचिवमा नरेश महासेठ, कोषाध्यक्षमा राजु कुमार मरवैता निर्वाचित भएका थिए । निर्वाचित पदाधिकारीहरुलाई नेपाल पेट्रोलियम डिलर्स राष्ट्रिय एशासिएशनका अध्यक्ष लिलेन्द्रप्रसाद प्रधानले शपथ ग्रहण गराएका थिए ।




# धर्ना बस्नै मुस्किल

**टुडे समाचारदाता**

जनकपुरधाम । आरती साहको हत्या भएको भन्दै दोषीलाई कारबाहीको माग गर्दै करिब तीन महिनादेखि धनामा बस्दै आएका उनका परिवारजनले काठमाण्डुस्थित माइतीघरमा राखिएको निषेधित क्षेत्रको ब्यानर जलाउने प्रयास गरेका छन् ।

मृतक आरती साहका परिवारजनले विगत तीन महिनादेखि न्यायको माग गर्दै धर्नामा बस्दै आएका थिए । तर माइतीघरमा धर्नामा बस्न नदिएपछि आरतीका दाई प्रेम साहले निषेधित क्षेत्रको ब्यानर नै जलाउने प्रयास गरेका छन् ।

शुक्रबार दिउँसो प्रेमले धर्नामा बस्न नदिएको भन्दै सो ब्यानर जलाउने प्रयास गरे लगत्तै तीन जनालाई प्रहरीले नियन्त्रणमा लिएको छ । उनीहरूले माइतीघरमा धर्ना बस्न पाउनुपर्ने भन्दै निषेधित क्षेत्र हटाउन माग गरेका छन् ।

यस अघि उनीहरु शान्तिवाटिकामा बस्दै आएका थिए । तर महानगरपालिकाको प्रहरीले त्यहाँबाट हटाएपछि उनीहरु भृकुटिमण्डपमा धर्नामा बस्न पुगेका थिए । तर त्यहाँबाट पनि उनीहरुलाई धपाएपछि उनीहरु माइतीघरमै धर्नामा बस्नु अघि निषेधित क्षेत्र लेखिएको ब्यानर नै जलाउने प्रयास गरेका थिए ।

जिल्ला प्रशासन कार्यालय काठमाण्डुले माइतीघरमा निषेधित क्षेत्र तोकेपछि आरती साहसहित प्रदर्शनकारीहरू शान्तिवाटिकामा धर्नामा बस्दै आएका थिए ।

तर त्यहाँबाट उनीहरूलाई काठमाण्डु महानगरपालिकाका प्रहरीले धर्नामा बस्न नदिएपछि उनीहरुले माइतीघरमा धर्नामा बस्दा प्रहरीले बस्न नदिएपछि सो ब्यानर नै जलाउने प्रयास गरेका थिए । यता मृतक आरती साहलाई न्याय दिनुपर्ने भन्दै नेपाल विद्यार्थी संघले त्रिचन्द्र कलेज अगाडि प्रदर्शन गरेको छ ।

# सीपमूलक तालिमले स्वरोजगार भए महिलाहरू



**टुडे समाचारदाता**

कलैय । जीतपुरसिमरा उपमहानगरपालिका-४ को वडा कार्यालयले सञ्चालन गरेको ७ दिनको तालिमपछि औराहाकी सपना राई घरमै बसीबसी आम्दानी गर्न थालेकी छन् । धूप बत्ती बनाउने तालिमपछि राईले घरमै फुर्सदको समय सदुपयोग गरेर आम्दानी गर्न थालेकी छन् ।

'यो तालिम लिएपछि घरमै बसेर हामीलाई रोजगारी र पैसा दुवै मिलेको छ, भारी उचाल्न पनि पर्दैन, भारी बोकेर हिँड्न पनि परेन, घरमा अरु काम भ्याएर यो काम गर्छु,' राईले भनिन्, 'घरमा सानोतिनो खर्च, बच्चाको खाजा खर्च, आफ्नो पकेट खर्च यसले धानेको छ ।'

वडा कार्यालयको ३ लाख बजेटबाट श्री गढीमाई केमिकल सप्लार्यसले स्थानीय महिलालाई धूप बत्ती बनाउने तालिम दिएको हो । उक्त तालिम लिएपछि १२० जनाभन्दा धेरै महिला अहिले घरमै बसेर आयआर्जन गर्दै छन् ।

उनीहरुले घरधन्दा भ्याएर फुर्सदको समय सदुपयोग गर्दामात्रै पनि दैनिक ३ देखि ५ सय रुपैयाँ आम्दानी गरिरहेका छन् । स्थानीय महिलाले बनाएको धूप बत्तीलाई तालिम प्रदायक संस्थाले घरमै पुगेर लिने र हात हातमा पैसा दिने गर्दछ ।

औराहाकै भगवती परियार यसअघि घरमा खाना पकाउने, बच्चाहरूलाई स्कुल पुर्‍याउने र ल्याउने काममात्रै गर्दथिन् । सामान्य २/४ सय रुपैयाँ पकेट खर्चका लागि पनि श्रीमानसँग माग्नुपर्दथ्यो । तर अहिले उनी घरधन्दा, बालबच्चा सम्हालेर पनि फुर्सदको समयमा काम गरेर दैनिक आम्दानी गर्दछिन् ।

'हामीले घरबाहिर अरु काम केही गरेका थिएनौँ तर अहिले वडाले यो तालिम ल्याएदेखि धेरै सजिलो भएको छ, बच्चाको खाजा, आफ्नो पकेट खर्च पुगेको छ,' परियारले भनिन् ।

तालिमपछि महिलाहरुले धूप बत्तीको लागि आवश्यक धुलो, नेपाली कागज र अन्य सामग्री लिएर घरमै बसेर काम गर्दछन् । तयारी भएको सामानलाई कम्पनीले ब्राण्डिङ गरी पोखरा, काठमाण्डु, विराटनगरसम्म बिक्री गर्ने गर्दछ । कम्पनीले अहिले दैनिक १ लाख धूप बत्ती उत्पादन गरेर बजारसम्म पुर्‍याउने गरेको छ ।

तालिम सञ्चालक श्री गढीमाई केमिकल सप्लार्यसका प्रमुख जनक दाहालले नाफा कमाउने उद्देश्यले भन्दा पनि वडाका दलित, गरिब र विपन्न महिलाहरूलाई सक्षम बनाउने उद्देश्यले आफूले सो तालिम सञ्चालन गरेको बताए ।

'तालिम पश्चात् हामीले कच्चा पदार्थ घरघरमै पुर्‍याइदिएका छौँ, उनीहरूले घरमा बनाएको धूप बत्ती लिएर पैसा पनि घरमै पुर्‍याइदिएर, आफ्नो सामानको ब्रान्ड बनाएर बिक्री गर्ने गरेका छौँ,' उनले भने, ' हामीले खास ८०/८५ जना महिलालाई तालिम दिएका थियौँ तर अहिले म पनि गर्छु भन्दै १२५ जनाभन्दा धेरै महिला हामीसँग जोडिनु भएको छ ।'

बाटेको धूप बत्तीमा नेपाली कागजसँगै कपुर, निम, धुपीको धुलो, श्रीखण्ड प्रयोग हुने गर्दछ । ' दिनमा २ लाख पिससम्म उत्पादन गर्न सकियो र १ पिस बराबर १ पैसा फाइदा भयो भने अझ धेरै महिलालाई यो रोजगारीमा जोड्न सकिने दाहाल बताउँछन् ।

दाहालले धूप बत्तीको लागि कच्चा पदार्थको अभाव भएकाले गाउँघरमै पाइने फूलहरूबाट कच्चा पदार्थ बनाएर प्रशोधन गर्ने तयारी गरिरहेको बताए । उनले हाल दैनिक ८ देखि १० हजारको नेपाली कागज खपत हुने गरेको र नेपाली कागज झापाबाट ल्याउने गरेको बताए ।

जीतपुरसिमरा-४ का वडाध्यक्ष भोजबहादुर खत्रीले थोरै बजेटबाट सञ्चालन गरेको तालिमले पनि धेरै महिला प्रत्यक्ष लाभान्वित भएको बताए ।

'विगतमा हामीले वडा र नगरपालिकाको ५ - १० लाख बजेटबाट धेरै तालिम सञ्चालन गर्‍यौँ, त्यो खासै प्रभावकारी भएन तर यो सानो बजेटको तालिमबाट धेरै महिलाले अहिले घरमै बसेर रोजगारी पाएका छन्, दैनिक २-४ सय आम्दानी गरेका छन्,' वडाध्यक्ष खत्रीले भने ।

# अझै सञ्चालन भएन वैदेशिक रोजगार बोर्डको 'सफ्टवेयर'

**टुडे समाचारदाता**

काठमाण्डु । वैदेशिक रोजगार बोर्डको 'सफ्टवेयर' अझै सञ्चालन हुन सकेको छैन । बोर्डको सचिवालयबाट वैदेशिक रोजगारीमा गई मृत्यु भएका तथा अङ्गभङ्ग भएका कामदार र परिवारलाई प्रदान गरिने आर्थिक सहायता वितरणमा प्रयोग हुने सफ्टवेयरमा केही दिनयतादेखि समस्या आएको थियो ।

उक्त सफ्टवेयरमा समस्या आएपछि काममा समस्या उत्पन्न भएको वैदेशिक रोजगार बोर्डका प्रवक्ता तथा सूचना अधिकारी टीकाराम ढकालले रासससलाई जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "सम्पूर्ण 'डाटा' र 'डकुमेन्ट'सहित अपलोड गरिएका कागजातले गर्दा मेमोरी भरिएर सफ्टवेयरमा समस्या आएको हो, समस्या समाधानका लागि प्राविधिकले प्रयास गरिरहेका छन्, १५ वर्षदेखिको डाटा र डकुमेन्ट भएकाले मेमोरी भरिएको हो ।"

वैदेशिक रोजगारीमा गई मृत्यु भएका तथा अङ्गभङ्ग भएका कामदार र परिवारका ' अफलाइन'मा निवेदन लिएको भए पनि भुक्तानी सफ्टवेयरबाट हुने भएकाले दिन नसकिएको प्रवक्ता ढकालले बताउनुभयो ।

उहाँका अनुसार सफटवेयरले काम नगरे पनि उद्धारसहितका आकस्मिकलगायत काम अफलाइनमार्फत पत्र पठाएर सञ्चालन भइरहेको छ ।बोर्ड सचिवालयको सफ्टवेयर ाभधषकाभदानयखालउ को सर्भरमा केही दिनदेखि समस्या आएको र सफ्टवेयर सञ्चालन हुन अझै केही दिन लाग्ने बोर्डले जनाएको छ ।




# एक सय २६ दिनपछि अनसन तोडियो

**टुडे समाचारदाता**

राजविराज । रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानको प्रस्तावित निर्माणस्थलमा विगत १ सय २६ दिनदेखि जारी अनिश्चितकालीन रिले अनसन शुक्रबार तोडिएको छ ।

शिलान्यास भएको ३१ महिना बितिसक्दा पनि प्रतिष्ठानको काम हालसम्म अघि बढ्न नसकेको भन्दै स्थानीयबासीद्वारा गठित संघर्ष समितिको अगुवाईमा गत २६ असोजदेखि रिले अनसन थालिएको थियो ।

अलपत्र परेको प्रतिष्ठानको निर्माण कार्य यथाशीघ्र सुरु गर्नुपर्ने, प्रतिष्ठानको पूर्वाधार तयारी विकास समितिमा रिक्त भएको पदहरु पूर्ति गर्नुपर्ने, आवश्यक बजेटको व्यवस्था गर्नुपर्ने लगायतका प्रमुख माग अघि सार्दै संघर्ष समितिको अगुवाइमा रिले अनसनलाई लामो समयदेखि निरन्तरता दिइँदै आएको थियो ।

अनसनकारीको माग सम्बोधन गर्ने क्रममा सरकारले नौ दिनअघि मात्र प्रतिष्ठान पूर्वाधार तयारी विकास समितिको अध्यक्षमा डा.परशुराम मिश्रलाई नियुक्त गरेको थियो । अघिल्लो दिन मात्र पदभार ग्रहण गरेका डा. मिश्र अनशन स्थलमा पुगि अनसनकारीसँग वार्ता र छलफल गरी अनसन तोडाएका छन् ।




डा. मिश्रबाट केही दिनभित्रै प्रतिष्ठान निर्माण कार्य सुरु गर्ने प्रतिबद्धता आएपछि अनसन तोडिएको संघर्ष समितिका संयोजक रामकुमार दासले बताए । उनले प्रतिबद्धता अनुसारको काम अघि नबढे पुनः आन्दोलनमा उत्रिने जानकारी समेत गराएका थिए ।

सञ्चारकर्मीहरुलाई प्रतिक्रिया दिँदै प्रतिष्ठानका अध्यक्ष डा.मिश्रले प्रतिष्ठानको काम अब छिट्टै अघि बढ्ने बताए । भर्खर जिम्मेवारी सम्हालेको छु, उनले भने, "अब निर्माण कार्य सुरु गर्न लागि परेका छौं ।"

एक प्रदेश एक स्वास्थ्य विज्ञान प्रतिष्ठान निर्माण गर्ने सरकारको नीति अनुसार २०७५ साल पुष १६ गते मन्त्रिपरिषद्को बैठकले मधेश प्रदेशको राजविराजमा गणतन्त्रवादी नेता स्वर्गीय रामराजा प्रसाद सिंहको नाउँमा प्रतिष्ठान निर्माण गर्ने निर्णय गरेको थियो । यसका लागि २०७८ जेठ २१ गते मन्त्रिपरिषद् को बैठकले राजविराज नगरपालिका १० बिरोलमा ६२ बिघा जग्गा उपलब्ध गराउने निर्णय समेत गरेको थियो । जग्गाको टुङ्गो लागेपछि २०७८ असार २२ गते तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिष्ठान भवन निर्माणको भर्चुअल माध्यमबाट शिलान्यास गरेका थिए । तर शिलान्यास गरेको ३१ महिना बितिसक्दा पनि निर्माण काम सुरु नभएपछि स्थानीयवासी आन्दोलनमा उत्रेका थिए ।

# छाडा पशुले सर्वसाधारण हैरान

**टुडे समाचारदाता**

जलेश्वर । बिहान बेलुकाको घुमफिर होस् वा कुनै बजारका काममा यात्रीलाई ढेसा (घच्चा) लगाउँदै हिँड्ने छाडा पशुले यहाँका सर्वसाधारण हैरान भएका छन् । जिल्लाका सबैजसो बजार क्षेत्रमा छाडा चौपायाको जगजगी छ । बजारतिर निस्केपछि छाडा पशुलाई छिचोलेर निस्कन हम्मेहम्मे पर्ने सर्वसाधारणको गुनसो छ ।

"बजारतिर निस्केपछि छाडा पशुले सिङ चलाइदिने हुन् कि भन्ने डर हुन्छ", जलेश्वर-२ की होटल व्यवसायी कमला कोइरालाले भनिन्-'निर्धक्क भएर बजारमा डुल्न कहिल्यै पाइएन ।" घरपालुवा गाई, सुँगुर, बाख्रापाठा र घोडासहितलाई नगर क्षेत्रका चोक, बजारक्षेत्रमा छाडा छोड्दा सर्वसाधारण आजित भएका हुन् ।

"सडकको माझमै गाईले गजधम्म बसेर बाटो छेकेका हुन्छन्, पेटी वरपर पाठापाठीपछि लगाएर हिँड्ने सुगुँर देखिन्छन्" जलेश्वर-८ का रामनन्दन यादवले भने, "मान्छेकै लागि चाहिँ बाटो छैन कि भन्ने भान हुन्छ ।"

बजारमा हिँड्दा हिँड्दै गाई वा साँढेले पुच्छर चलाएर मलमूत्र छर्किदा बेरुप भएर घर फर्कन बाध्य हुनुपरेको जलेश्वर-४ की शिवानी राय बताउछन् । "हिँडदा त्राहीत्राहीजस्तै परिन्छ, छाडा पशुले सिङ चलाएर नहानेको, ढेस्सा नलगाएको र पुच्छर चलाएर मलमूत्र लुगामा नलागेको कुनै दिन नै छैन", उनको गुनासो छ ।

"प्रत्येक दिनजसो बिहान मिरमिरे उज्यालो हुनासाथ पशुधनीले आफ्ना बस्तु फुकाएर बजार वा चोकतिर लघार्ने यहाँ आम चलनजस्तै बनेको छ । सदरमुकाम जलेश्वरसहित जिल्लाका सबैजसो बजार क्षेत्रका मुख्य सडक पेटीमा सडक ढाकेर गाईबस्तु देखिँदा पनि यसको रेखदेख र अनुगमन नहुँदा नगरचोक, मुख्य सडक र पेटी अस्तव्यस्त छन्", भङ्गाहा-४ रामनगर निवासी गङ्गाराम महतो भने, "सम्बद्ध नगरपालिका र वडा कार्यालयले यसमा तदारुकता देखाउनै पर्छ ।"

जलेश्वरका साथै बर्दिवास, गौशाला, रामगोपालपुर, मटिहानी, मनरा र बलवासहित बजारक्षेत्रमा घरपालुवा पशु छाडा छाडेको पाइन्छ । छाडा देखिने पशुमा धेरैजसो गाई र सुँगुर देखिन्छन् । बथानमै देखिने गाईलाई पछ्याउने साढे पनि दर्जनौं संख्यामा देखिन्छन् ।

छाडा पशुले दैनिक सहरी र बजार क्षेत्रमा फोहर बढाउनाका साथै ट्राफिक समस्या पनि बढाएका छन् । सबैजसो बजार क्षेत्र र भित्री बस्तीमा पनि फोहरको डुङ्गुरमा सुँगुरले खोस्रेर जताततै दुर्गन्ध बढाएको छ । यसैगरी सुँगुरका कारण त नगर क्षेत्रका बासिन्दा आजित नै भएका छन् । गाई-गोरु, बाख्रापाठा आँगनमै आइपुग्दा लाठो देखाएर धपाउन सकिन्छ तर परम्परादेखि सुँगुर भने छुन नहुने भन्ने केही समुदायका लागि भने साह्रै समस्या भएको छ । " परापूर्वदेखि नै सुँगुर छोइएन", जलेश्वर-६ की लक्ष्मी मिश्रले भने, "हामी त आजित भएका छौँ ।" मुस्लिम (इस्लाम) धर्मावलम्बीको बसोबास भएका बस्तीमा छाडा सुँगुरले गर्दा सर्वसाधारणलाई यस्तो हैरानी भएको छ ।

व्यस्त बजारमा छाडा चौपायाले सडक ढाकेर गजधम्म बस्दा ससाना सवारी साधन चलाउन र पैदलयात्रुलाई हिँड्नसमेत सकस पर्ने गरेको छ । बिगतमा छाडा पशु नियन्त्रणका लागि बस्तीबस्तीमा काञ्जीहाउस (छाडापशु समातेर राख्ने घर) बनाएर छाडा पशु राख्ने र पशुधनी सम्पर्कमा पुगेपछि कारबाहीस्वरुप जरिवाना गर्ने चलन रहेको भङ्गाहा-४ का शेष जब्बार बताउछन् ।

"हामी २०/२२ वर्षको हुँदा बाली नोक्सान गर्ने, छाडा छोडिएका पशुबस्तु काञ्जीहाउस पुऱ्याइन्थ्यो", करिब पाँच दशक पहिलेका कुरा सम्झँदै उनी भन्छन्, "त्यतिखेर पशु छाड्ने धनीलाई जरिवाना गर्ने र सम्पर्कमा कोही नआए लिलामसम्म गर्ने व्यवस्था थियो तर अहिले यस्तो व्यवस्था नहुँदा यस्तो समस्या बढेको छ ।"

यो समस्या समाधानका लागि स्थानीय निकाय नै अग्रसर हुनुपर्नेमा जिल्ला समन्वय समितिका प्रमुख सुमनकुमार लाल कर्ण जोड दिए । "छाडा चौपायाका कारण हुने ट्राफिक समस्या हटाउन ट्राफिक प्रहरीको पनि तत्परता त हुनपर्छ", उनी भन्छन्, "तर पशु छाडा छोड्ने प्रवृत्ति निरुत्साहित गर्न स्थानीय तहले नै ठोस निर्णय गरेर निश्चित विधि अघि बढाउनुपर्छ ।"

# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरू

## ।। गजल ।।

ठुला कलेज पढ्न जान्छु भनि शहर छिरेछ..
बाबाको खेत बेचि पढाइको सबै खर्च तिरेछ..
शहरको देखावटी माया मा परि, पढाई छोडी
केटिहरु सँग रमाइलो गर्न रेस्टुरेन्ट हिडेछ..
साथीभाईको संगतले छोएछ उसलाई
कपाल काटी कुन्डल लाउन कान पनि चिरेछ..
किताब किन्ने पैसा, चुरोट, गाँजा रक्सीमा सकेर
पैसा पठाईदेउ भनि बारम्बार बाबालाई पिरेछ..
पढाई छोडी केटिलाई रुम मै बोलाई अश्लील गर्ने
आफ्नो आमाको संस्कार बिर्सिएर हदै सम्म गिरेछ…
परिक्षामा फेल हुदाँ, बाबा लाई के भन्ने भनि
पछुताउदै र धिक्कार्दै अब छोरा फासीमा झुलेछ….



बलराम गुप्ता
जनकपुरधाम ११

## ।। वैदेशिक रोजगार ।।

जिन्दगी को भाग दौडमा
कोहि अगाडि त कोहि पछाडि छ
तर पनि सबैको सपना आफनो
परिवारको खुसी मात्र हो।
जिन्दगी मा के तिम्रो के मेरो
यो एउटा जात्रा मात्र हो।
कोहि देश मा वस्न चाहदैन ,
सबै विदेश उडान चाहन्छ।
कोहि हिडन त कोहि गुड्न चाहन्छ,
सबै को आउट मात्र सोच
पैसा कमाउने घर बनाउने
बुबाआमा को इज्जत जोगाउने
बुवाआमाको नालायक छोरा हैन
लायक छोरा हु भनेर समाजमा चिनाउने
परिवार सबै को सामु हारेको
हुन्छ उन लाई जिताउने
देशको माया मरेको हैं
रोजगार न पाएको हो आफनो मनले
गाको हैन परिस्थिति ले पठाको हो ,
यदि देश मै सबै थोक भाको
भय कहि जानु पर थिएन।
देशै मा रोजगार भाको भए
विदेशमा नेपालीहरु मर्नु पर थिएन।
कहिले बालेन त कहिले रविलामिछाने आउँछ
दिनलाई आशा जनताहरु त सोभो छ ,
सबैमा गर्छन विस्वास खई
रोजगार भाषण मात्र दिएर
बनिँदैन नी नेपाल यदि जनताले
केहि आवाज उठायो भनी
त्यसलाई दाबिन्छ के गर्नु हजुर
यस्तै छ नेपाल। त्यसैले देश को माया
मारेको हैन, महोदय आफनो देश छाडेको हो ॥



लेखक रोहन भुजेल
रा.रा.ब. जनकपुरधाम -४ (बि एड २०८०)

## ई केहन विकृति....

सरस्वती पुजाके दिनमे भ्यालेनटाइन डे मनबैय छैय, ई केहन विकृति।
पुजाके छोइर के डेटिङ प जाय छैय, ई केहन विकृति।।
बिद्याके मन्दिरमे रह चाहिँ भइरहिन मगर चक्करके कारण बाहर रहै छैय, ई केहन विकृति।
बलात्कारके सिकार होई छैय आ विभिन्न ठाउँमे पकराई छैय, ई केहन विकृति।।
मुर्ति विसर्जनमे माईं-भम्डा आ भोजपुरी गाना बजै छैय, ई केहन विकृति।



महेश कुमार राय
भठिहन बजार धनुषा

## ।। माँ सरस्वती ।।


हे माँ सरस्वती द देन बुद्धि ज्ञान
जहि सँ भजा ई हमहुँ विद्वान
हे माँ सरस्वती द देन बुद्धि ज्ञान
सबके देलही माँ ज्ञान हमरो द देन
तोहर महिमा छौ अपार माँ
एक नजर हमरो देखन
हे माँ सरस्वती द देन बुद्धि ज्ञान
विनती करै छी यौ माँ एक बेर
हमरो सुइन लेन
सबके देलही बुद्धि ज्ञान कनि
हमरो द देन
हे हँस बाहीनी हे विद्या के खानी
करै छी यहाँ के पुकार हमरो पुकार
सुइन लिय
हे माँ सरस्वती द दिय बुद्धि ज्ञान
जहि सँ हमहुँ भजाई बुद्धिमान
दुनियाँ संसार मे हमहुँ बाटी
सबके ज्ञान
हे माँ सरस्वती द दिय बुद्धि ज्ञान



धनेश्वर ठाकुर
धनुषाधाम, ४ लक्ष्मीपुर
हाल सात समुद्र पार, दोहा कतार

## ।। इन्जिनियर बन्न पुगे ।।

दिएर +२ परीक्षा जाग्यो
मेरो एमबिबिएस गर्ने इच्छा
+२ गरे मैले पास परिवारको
मनमा पनि जाग्यो आशा
सबै ले तारिफ गयो बढाई चढाई
काठमाडौं पुगे गर्न लाई एमबिबिएस पढाइ
पढाई को क्रम मा कति दिन सुतीन
रिजल्ट मा भय मो अनुतीर्ण
घर को मानिस लगायत सबैले कुरा
गर्न थाल्यो भ्करकी भ्करकी
त्यस पछि मो आफ्नो ठाँउ फर्की
सोची अब गर्छु देखावटी काम
त्यसको केहि दिन् मै इन्जिनियरमा आयो मेरो नाम



लेखक शिवम शाह
रा.रा. ब. जनकपुरधाम (BSC.CSIT 2080)

## ।। प्यारो साथी ।।

तिमि भएर मेरो जिन्दगीमा छुटै आभाष छ।
दुःख या होस सुख तिमी हुनु पर्यो मेरो साथ

तिम्रो अनुहार मा हाँसो सुहाउँछ दुखी अनुहार हैन,
मो जे छु यही छु भुठो वाचा कसम खान आउँदैन
तिमी मुस्कुराउँदा मेरो सबै दुःख भाग छ।

तिम्रो अनुहार मा हाँसो उज्यालो बिहानी भैं लाग छ।
तिमी आरु कोहि सग नजिकिँदा मो लाई नराम्रो लाग्छ।
तिम्रो त्यो जिस्किएर बोल्ने बानी मोलाई धेरै राम्रो लाग छ।

हाम्रो मित्रता हेरेर आरु लाई डाह लाग छ।
तिम्रो यो कविता मा वर्णन गरेर पुगादैन, तिमी के
हउ मेरो लागि त्यो मलाइ मात्र थाहा छ।।



लेखक नब्या ठाकुर
जनकपुरधाम शान्तिनगर

## ।। गजल ।।

औ अहाँ संग चली कतेक दिन
नुन जहन हम गली कतेक दिन
मोनक बाती मिभा देलियै अहाँ
अपने-आपके छली कतेक दिन
बुधियार भेल्हुँ, सोच बदल'ल
हुस्स,फुस्स में मरि कतेक दिन
जानी लेलौं बुधियारी अहाँके हम
सदैव अही रंगमे ढली कतेक दिन
साच बजला पर बिखधर भेल्हुँ हम
त अहीकें बात कलि कतेक दिन



उदगार यादव
मिथिला बिहारी नगरपालिका, सिरसिया-६

## ।। केहि सुझाव ।।

न पल्टाउनु अब मेरो जिन्दगी को पुराना पानाहरु……
पहिले जे थियो.. त्यस्तो.केहि छैन …..
अहिले कस्तो छ कसैलाई थाहा छैन ॥
होठमा झुठो मुस्कान ..मनभित्र असफलता को पिडा …
कसलाई सुनाउ मनको ब्यथा …….
आजको दिनमा सुनेर बुझिदिने मानिस छैन ॥।
तिमिले छाडेर गयो ..केहि गुनासो छैन …….
कताँ लियाएर छाडीयो जहाँ कुनै बाटो छैन ॥
कोइला खानीमा रहेको हिराको जाँच गर्ने …
तिम्रो बानी छैन …
झसफलता ले केहि समय लिन्छ त्र
भनने बुझाइ बुझिने तिमी बुद्धिमानी छैनौं ॥॥



लेखक : राजिब कुमार पासवान

## ।। भ्रस्टाचार ।।

जतातै चलेको छ भ्रष्टाचारको हल्ला यस्तै चले देशको विकास
खै कस्ले पो गर्ला नेताहरु घुस खाई जनतालाई रुवाउँछन् आफ्ना
बा'लबच्चालाई भने मिठोमिठो खुवाउँछन्
को हुन् आखिर भ्रष्टाचारी भनी यहाँ चिनिने देशको माया त्यागी
जो हन् पैसामा नै किनिने शान्तिका दूत गौतम बुद्ध हिंडे जुन
बाटामा भ्रष्टाचारको बिऊ छरियो आज त्यै माटामा
जन्ता पनि कति सोभा नेताबाटै मिचिएका कालो धन र कालो
मनको अन्धकारमा थिचिएका हात मुख जोड्नै गाह्रो पर्ने कस्तो
आयो दिन आइज हे काल छिटा आइज ती पापीलाई लिन ॥



लेखक - कृष्ण कुमार साह
ठेगाना - हंसपुर न.पा-३, मभौरा धनुषा

## ।। आमा ।।

जब म एक्लै थिएँ, म उसलाई सम्झन्छु, जब म अँध्यारोमा थिएँ, मैले उनको याद गर्थे। जब मलाई भोक लाग्थ्यो, मैले उसको बारेमा सोचें, जब म सुत्न सक्दिन, म उनको बारेमा सोच्थें। यो जीवन कति सहज थियो भन्ने याद आयो जब मैले यसलाई आफ्नै बलमा बाँच्न सिकें। त्यतिबेला पनि मलाई लाग्यो कि आमा कसरी यति नीरस हुन सक्छिन् र उहाँ हाम्रो लागि भन्दा हाम्रो लागि कसरी सुत्न सक्नुहुन्छ? तर सत्य यो हो कि पेट भरेर आफै भोकाउने आमा नै हुन्।



श्रद्धा पाण्डे(मिष्ठी)
डेफोडिल्स पब्लिक स्कुल कक्षा-७
जनकपुर उपमहानगर पालिका-४(आनन्द नगर)

## ।। मलाई मन पर्छ ।।

मलाई भिडभाड होइन एकान्त मन पर्छ।
मलाई कोलाहल होइन शान्त मन पर्छ॥
कसैले पनि मेरो आत्माको पुकार सुन्दैन।
अश्रु-मसीले लेख्न आत्मवृतान्त मन पर्छ॥
अनुपम सौन्दर्य दृश्य हेरि म भमरा बन्छु।
तसर्थ मलाई ऋतुराजा वसन्त मन पर्छ॥
लक्ष्य जीवनको अन्धकार हटाउनु नै हो।
यसर्थ मलाई बन्न दीप ज्वलन्त मन पर्छ॥
म नम्र सरल पानीभैं हुँ कमजोर न भन।
अतः मलाई बन्न सुनामी तुरुन्त मन पर्छ॥
जिद्द ठानि कुनै काम आरम्भ गरिसकेपछि।
हार न मानी गर्न त्यो काम अन्त मन पर्छ॥



लेखक:- राम रुद्राक्ष मण्डल
ठेगाना:- लक्ष्मीनियाँ गा.पा.-१.सिनुरजोडा
धनुषा, नेपाल।

## ।। आँशु ।।

पानी को थोपा थोपाले हाम्रो आँखा रसाउछ
विहान बेलुका पानी विना कुनै जिव बाँचदैनन्
पृथ्वी को तिन भाग पानी र एक भाग धरती छ
बिर्सनुहुँदैन कहिले हामी छौ कृषि प्रधान देशमा
किसान को किसानी हुँदैछ र व्यवसाय को अटुट वनधन मिसाउँदै छौं
जागिरे लाइ दिनमा निन्द्रा छैन रातिमा चयन छ
सिक्काको दुई पाटा गरिबि र धनी
पैसाको लहर छुनुमा छ धैरेको रहर
देश विदेश पुगिसके पैसाको खोजमा मानव
जनजनको अधिकार आफ्नै मौलिक मान्यता को अविष्कार
सवैलाइ उपयोग गरौ समय अनुकुल
पैसा हो हातको मैल पसिना हो भन्छन् तर
चाहिन्छ सबैलाइ उत्तेजित हुनलाइ
खानपान शाकाहारी कि मांशाहारी हुन
मिष्ठान देखि सेकुवा सम्म हुन्छ परिकार
खानु सबै मिलेर समयको साथ
आय आर्जन तरफ लम्कौ आफ्नै
शिप तथा शिक्षाको साथ



प्रमोद राम
जनकपुर ५

## ।। हाम्रो सुन्दर सहर जनकपुर ।।

राम हाम्रो भगवान हो
जनकपुर हाम्रो सान हो ॥
यहाँका मानिसका राम्रो बानी छ
जनकपुर मधेस प्रदेशको राजधानी छ।।
हामी खेतमा उत्पादनको लागि राख्छौं मल
यो ठाउँ हिन्दूको पवित्र स्थल।।
यहाँका राजा जनक थिए
राम र सीताको बिहे यहि भएको थिए।।
अयोध्यामा बनेको मन्दिरमा मूर्ति छ रामको
मलाई गर्व छ कि मेरो जन्मस्थान जनकपुरधाम हो।।
म खालि लेख्छु कविता
राजा जनकको छोरी सिता ॥
कहिले नगर्न खराब काम हामी गर्छौ राम्रो काम
यो ठाउँ लाई भनिन्छ जनकपुरधाम।।
बिट्टू छ मेरो नाम
यो सुन्दर ठाउँ जनकपुरधाम।।



लेखक: बिट्टु यादव
लक्ष्मीनिया गा.पा.-१.सिनुरजोडा, धनुषा, नेपाल

# दीपकराजले पनि बचाउन नसकेको 'हात्तीछाप'

काठमाण्डु। फिल्म कन्टेन्टले चल्छ कि स्टारले ? यो विषयमा हरेकको आ-आफ्नै तर्क र परिभाषा हुनसक्छ। तर, वास्तविक यथार्थ के हो भने फिल्म चल्ने मुख्य आधार कन्टेन्ट नै हो । 'स्टार' भनिने कलाकारले काम गरेका फिल्म कन्टेन्टमा चुक्दा बक्स अफिसमा असफल भएका कयैन् उदाहरण छन् । कलाकारहरुको भीड थुपारेर मात्र फिल्म चल्दैन भन्ने अर्को एउटा उदाहरण बनेको छ, 'हात्तीछाप' ।

अघिल्लो शुक्रबारबाट प्रदर्शन भएको फिल्ममा हिट जोडीको केमेस्ट्री छ । अर्थात् दयाहाङ राई र सौगात मल्ल केन्द्रीय भूमिकामा छन् । बेनिशा हमाल, उपासना सिंह ठकुरी, बुद्धि तामाङ, विजय बराल जस्ता कलाकारको पनि अभिनय छ । फिल्म चलाउनका लागि अभिनेता दीपकराज गिरीलाई समेत 'राजा' भन्दै केमियोमा खेलाइएको छ । तर, 'राजा'ले पनि फिल्मलाई बचाउन सकेनन् ।

त्यसो त फिल्ममा दीपकराजको प्रवेश नै अर्थपूर्ण छैन । उनलाई कथा र घटनाक्रम केहीले पनि मागेको छैन। सिर्फ उनलाई फिल्म चलाउनका लागि डमीको रुपमा मात्र प्रयोग गरिएको देखिन्छ। उनको जम्माजम्मी ३० सेकेण्डको दृश्य छ। उनको ईन्ट्री 'छक्का पञ्जा'को 'राजा' पात्रको शैलीमा छ । उनको नामले पनि फिल्म चल्छ भन्ने आशा निर्मातामा देखिन्थ्यो । तर, त्यस्तो चमत्कार भएन।

केमियो भूमिका मात्रै भए पनि 'हात्तीछाप' असफलताको 'जस' दीपकराजलाई पनि जान्छ। किनभने, उनी जोडिनु भनेको आफैंमा विशेष हो। उनलाई हेर्नकै लागि भए पनि हल पुग्ने दर्शक छन्। भलै 'हात्तीछाप'मा त्यो देखिएन। जसले गर्दा उनको स्टारडममाथि समेत प्रश्न उठेको छ। बक्स अफिसका 'राजा' मानिने दीपकराजलाई अब कुनै फिल्ममा केमियो गर्नुअघि सोच्नुपर्ने बनाएका छन्।

त्यसो त 'हात्तीछाप' आफैंमा कमजोर धरातलमा बनेको फिल्म हो । दृश्यभाषा नै विश्वसनीय र स्वभाविक तरिकाले निर्माण गरिएको छैन। पात्रको चरित्र निर्माणमा उस्तै समस्या देखिन्छ। फितलो लेखन र प्रस्तुति पनि फिल्मको कमजोर कडी हो । 'क्लिसे' संवाद र दृश्यबाट पनि फिल्म मुक्त छैन । जसले गर्दा 'स्टार' कहलिएका कलाकारहरु हुँदा पनि 'हात्तीछाप' असफल हुनबाट बच्न सकेन।

# एक वर्षपछि साम्राज्ञीको 'लण्डन टू पेरिस' प्याकअप



काठमाण्डु। करिब एक वर्ष अगाडि बेलायतमा फिल्म 'लण्डन टू पेरिस'को छायांकन गरिएको थियो। २० प्रतिशत पेरिसको दृश्य बाँकी राखेर निर्माण टिम काठमाडौंमा फर्किएको थियो । तर पछि विभिन्न कारणले पेरिसमा छायांकन गर्न सम्भव नभएपछि निर्माण टिमले यसै साता मुम्बईको एक स्टुडियोमा रहेको पेरिसको सेटमा फिल्म खिचेको छ। योसँगै अब फिल्मको सम्पूर्ण छायांकन सकिएको छ।

निर्देशक घनश्याम लामिछानेले छायांकन सकिएसँगै मुम्बईमै सम्पादनको काम भैरहेको जानकारी गराएका छन् । उनका अनुसार, एउटा गीतको आधा अंश र केही दृश्य खिच्न बाँकी थियो । आफ्नो छायांकन सकाएर फिल्मकी अभिनेत्री साम्राज्ञी आरएल शाह र नव-अभिनेता निश्चल खड्का नेपाल फर्किसकेका छन् । फिल्मको सम्पादन सकिएपछि प्रदर्शन मिति घोषणा गरिने जनाइएको छ । 'ढिला गरी भए पनि राम्रोसँग छायांकन सकिएकाले म खुसी छु। कहिलेकाहीं फिल्म ढिला हुँदाखेरि रोकिने वा नबन्ने समेत अवस्था आउँछ। यद्यपि, हामीले फिल्म पूरा गरेका छौं,' निर्देशक लामिछानेले भने, 'फिल्म राम्रो बनेकोले दर्शकलाई मनपर्छ भन्नेमा विश्वस्त छु ।' फिल्मको बेलायतमा खिचेको भागको डबिङ र कलरको काम भैसकेको छ भने मिक्सिङ र भिएफएक्सको काम बाँकी छ।

गरिमा शर्मा र कबीर खड्काको पनि अभिनय रहेको फिल्म 'ट्राभल लभस्टोरी' कथामा बनेको जनाइएको छ । गरिमा र निश्चलको यो डेब्यू फिल्म हो। एबी इन्टरनेशनलको ब्यानरमा निर्माण भएको फिल्ममा प्रदीप भारद्वाजको लेखन छ । फिल्मको निर्मातामा अमित बस्नेत, अजित कुमार थापा, परी राना, अंकित गौतम र सनिश खकुरेल रहेका छन् भने सह-निर्मातामा अजित सिंह छन्।

# नेपालले जलवायु परिवर्तनको प्रत्यक्ष प्रभाव भोग्नु परयो



**टुडे समाचारदाता**

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले विश्वव्यापी उत्सर्जनमा शून्यप्रायः योगदान भएपनि नेपालले जलवायु परिवर्तनको प्रत्यक्ष, असमान र हानिकारक प्रभाव भोगिरहेको बताएका छन् ।

जलवायु परिवर्तन र दिगो विकासमा सांसदको भूमिका विषयक सम्मेलनलाई शुक्रबार यहाँ सम्बोधन गर्दै प्रधानमन्त्रीले जलवायु परिवर्तन सामाजिक-आर्थिक र वातावरणीय सन्तुलनका लागि ठूलो चुनौती भएको बताए । विश्वव्यापी खतराको रूपमा विकसित भइरहेको जलवायु परिवर्तनले विकासका सम्भावनाहरूमा गम्भीर अवसर पार्ने उल्लेख गर्दै उनले अति कम विकसित मुलुकहरू जलवायु परिवर्तनको प्रभावबाट बढी जोखिममा रहेका बताए ।

"हाम्रा जनता पहिरो, बाढी, डढेलो, हिम पहिरोको प्रकोप, खडेरीजस्ता जलवायुजन्य प्रकोपबाट नराम्ररी प्रभावित भएका छन्," उनले भने, "जोखिममा परेका त्यस्ता मुलुकका जनतालाई आर्थिक र प्राविधिक सहयोगको आवश्यकता छ, त्यस विषयमा अन्तरराष्ट्रिय समुदायको ध्यान जानुपर्छ ।"

जलवायु परिवर्तनको असर न्यूनीकरण गर्ने योजनाहरू कार्यान्वयन गर्ने प्रयासमा ठूला वित्तीय र प्राविधिक खाडलहरू देखिएका उल्लेख गर्दै प्रधानमन्त्रीले पारिस्थितिकी प्रणाली र जलवायु परिवर्तनसँग जनतालाई तादात्म्य मिलाउन एवं स्थानीयस्तरमा जलवायु अनुकूलन हुनेगरी योजना कार्यान्वयन गर्न थप स्रोतहरू जुटाउनुपर्ने आवश्यकता रहेको बताए ।

जलवायु न्यायको पक्षमा वकालत गर्न र पारिस्थितिकी प्रणाली, मानिस र पृथ्वीको दिगो भविष्य रक्षाका लागि विश्वका सांसदहरू र नीति निर्माताहरूबीच वार्ता गर्नुपर्नेमा आफू विश्वस्त रहेको उल्लेख गर्दै प्रधानमन्त्रीले सहज तवरले हानिनोक्सानी कोष कार्यान्वयन गर्नुपर्नेमा जोड दिए ।

प्रधानमन्त्रीले भने, "एक सय बिलियन अमेरिकी डलरको जलवायु वित्त दायित्व पूरा गर्न, हरित जलवायु कोषमार्फत जलवायु कार्यहरूलाई गति दिन तथा अतिकम विकसित मुलुकको पहुँच विस्तार गर्न र त्यसको कार्यान्वयनमा जोड दिन चाहन्छु ।" अतिकम विकसित मुलुकको अध्यक्षको हैसियतमा प्रधानमन्त्रीले विकसित अर्थतन्त्र र अन्तर्राष्ट्रिय समुदायलाई जलवायु परिवर्तनको जोखिममा रहेका मुलुकहरूलाई सहयोग गर्न आग्रह गरे ।

स्वच्छ ऊर्जा सुरक्षित गर्न र ४५ प्रतिशत वनले ढाकेको जमिनलाई कायम राख्न नेपाल पूर्णरूपमा प्रतिबद्ध रहेको उल्लेख गर्दै प्रधानमन्त्रीले भने, "नेपाल पेरिस सम्झौताप्रति पूर्ण प्रतिबद्ध छ । हामी सन् २०४५ सम्ममा शून्य हरितगृह ग्यास उत्सर्जन हासिल गर्न प्रतिबद्ध छौं ।"

# कृषि क्षेत्र विकासका लागि नीतिगत सुधार चाहिन्छ : राष्ट्रपति

**टुडे समाचारदाता**

काभ्रेपलाञ्चोक । राष्ट्रपति रामचन्द्र पौडेलले कृषि क्षेत्रको विकासमार्फत गरिबी न्यूनिकरण गर्न सकिने भन्दै यसका लागि कृषि क्षेत्रमा नीतिगत सुधारको आवश्यकता औँल्याएका छन् ।

'बृहत काभ्रेपलाञ्चोक कृषि महोत्सव-२०८०' को शुक्रबार बनेपामा उद्घाटन गर्दै राष्ट्रपतिले मुलुकमै उत्पादन र रोजगारी बढाएर आयात घटाउने तथा निर्यात बढाउनेतर्फ नीति-निर्माता, योजनाविद् र सरकारले विशेष कार्यक्रम ल्याउनुपर्नेमा जोड दिए ।

"गरिबीको रेखाभित्रका जनसमुदायलाई बाहिर निकाल्न सक्ने क्षमता कृषि क्षेत्रमा भएको हुँदा यी क्षेत्रमा व्यापक नीतिगत सुधारको आवश्यकता मैले देखेको छु", राष्ट्रपति पौडेलले भने, "मुलुकमै उत्पादन र रोजगारी बढाएर आयात घटाउने तथा निर्यात बढाउनेतर्फ नीति-निर्माता, योजनाविद् र सरकारले विशेष कार्यक्रम ल्याउनुपर्ने आवश्यकता देखिन्छ ।" उनले राजनीतिक परिवर्तनपछि मुलुकको आवश्यकता आर्थिक समृद्धि, विकास र शान्ति नै भएको उल्लेख गरे ।

राष्ट्रपति पौडेलले 'निमुखालाई न्याय र विपन्नलाई आय'को व्यवस्था तथा श्रम गर्नेको सम्मान गर्ने संस्कृति बसाल्नु अपरिहार्य रहेको उल्लेख गर्दै मूलतः कृषि, पर्यटन, जलस्रोत र उद्योग व्यवसायको विकासबाट नै औद्योगिकीकरणको मार्ग प्रशस्त गरी आर्थिकरुपमा समृद्ध नेपालको निर्माण गर्नसक्ने धारणा राख्नुभयो । "यही नै सङ्घीय लोकतान्त्रिक गणतन्त्रको अभिष्ट पनि हो भन्ने मलाई लाग्दछ", उनले भने । उनले कृषि र पशुपालनका साथै लोपोन्मुख अवस्थाका प्रविधि, अभ्यास र रैथाने बालीको संरक्षण र सम्वर्द्धन गरी नयाँ पुस्तालाई परिचित गराई यसको ज्ञान, सीप र प्रविधि हस्तान्तरण गर्नुपर्नेमा जोड दिए ।



"बढ्दो सहरीकरणको प्रभावबाट छायाँमा परेका पौष्टिक महत्व भएका मौलिक उत्पादनबारे जनचेतना र जागरण अभियान सञ्चालन गरी यसको उत्पादनलाई बढावा दिनेतर्फ पनि उत्तिकै ध्यान दिनु आवश्यक छ", राष्ट्रपति पौडेलले भने ।

उनले काभ्रेपलाञ्चोक कृषि, पशुजन्य र बजारमुखी उत्पादनको दृष्टिले महत्वपूर्ण क्षेत्र भएको बताए । उनले यहाँका नागरिक कृषि कर्मबाट अन्य पेसा, व्यवसायतर्फ आकर्षित भइरहेको सन्दर्भमा कृषि कार्यप्रतिको आकर्षण, रोजगारी र आयशुक्रबार्रनसहितको आत्मनिर्भरता बढाउनेगरी कृषिजन्य व्यवसायको व्यापकता अभिवृद्धिमा महोत्सवले महत्वपूर्ण योगदान दिने विश्वास व्यक्त गरे । उनले भने, "विविध भौगोलिक संरचना भएको हाम्रो देशमा पहाडी क्षेत्रमा चिया, सुन्तला, कफी, जैतुन, किवी, ड्रागनफ्रुट, एभोकार्डो तथा तराई क्षेत्रमा गहुँ, धान र ऊखु उत्पादनको विकासमा जोड दिनुपर्छ ।"

राष्ट्रपति पौडेलले विशेष गरी उच्च पहाडी तथा हिमाली क्षेत्रमा स्याउ र ओखर खेतीको विकास गर्दा कृषि क्षेत्रको सन्तुलित विकासलाईसमेत मद्दत पुग्ने बताए । "अहिलेको सञ्चार र सूचना प्रविधिको युगमा कृषि प्रविधिसम्बन्धी जानकारी, बजारको अवस्था, रोग, किरा, मौसमको जानकारीलगायत आवश्यक प्रविधि प्रचारका लागि यसको उपयोग गरी सम्पूर्ण सूचना देशभरिका कृषकलाई मोबाइलमार्फत उपलब्ध गराउने व्यवस्थाको खाँचो छ", उनले भने । विदेशबाट फर्केका युवालाई उनीहरूले सिकेको सीप प्रयोग गर्ने गरी कृषिमा आकर्षित गर्ने वातावरणको निर्माणमा नीति-निर्माता, सरकार र व्यावसायिक संस्थाले विशेष ध्यान दिनुपर्ने उनको भनाइ थियो ।

राष्ट्रपति पौडेलले कृषकको उत्पादनको बजारीकरणको व्यवस्था, समयमै बीउबिजन र मलको आपूर्ति, नवीनतम औजार-उपकरण-यन्त्र र प्रविधिको उपलब्धता, कृषकको समस्याको पहिचान र निदानको व्यवस्था, कृषकको मनोबल उच्च बनाउन श्रमको सम्मानको व्यवस्था, कृषकलाई सहुलियतपूर्ण कर्जा र कृषि बीमाको व्यवस्था राज्यले प्राथमिकतामा राख्नुपर्नेमा जोड दिए । उनले भने, "परम्परागत कृषि प्रणालीको अन्त्य गरी नविनतम उच्च प्रविधि, उपकरण, गुणस्तरीय बीउबीजन र व्यावसायिकताको उच्चतम अभ्यासद्वारा औद्योगिकीकरणतर्फ उन्मुख हुन अब हामीले किमार्थ ढिला गर्न हुँदैन ।"

राष्ट्रपति पौडेलले विगतमा आफू पनि एउटा किसान भएको र सुन्तला कागती गोड्दागोड्दै सांसद भएको स्मरण गर्दै आफूले कषि क्रान्तिको कुरा सुरू गर्नुअघि काभ्रेपलाञ्चोकका नागरिकले कृषि क्रान्ति गरिसकेको स्मरण गरे । "कृषि नै जीवन हो, नागरिकलाई पाल्ने काभ्रेपलाञ्चोकका उद्यमशील श्रमको अभिनन्दन गर्न म यहाँ आएको हुँ", उनले भने ।

उनले हाल रासायनिक मलले मानिसको स्वास्थ्यमा प्रतिकूल असर गरिरहेको उल्लेख गर्दै अर्ग्यानिक खेतीमा जोड दिनुपर्ने बताए । उनले भने, "रैथाने खानामा जस्तो स्वाद र शक्ति अहिलेको आधुनिक उत्पादनमा छैन, त्यही भएर अर्ग्यानिक खेतीमा हाम्रो ध्यान केन्द्रित हुनुपर्छ ।" राजधानीमा रहेको कालीमाटी कृषि बजार मात्रैले नपुग्ने भएकाले यस्ता अरु चार पाँच वटा बजार आवश्यक भएको राष्ट्रपति पौडेलले बताए ।

**छ कृषक पुरस्कृत**

सो अवसरमा राष्ट्रपति रामचन्द्र पौडेलले काभ्रेपलाञ्चोक र सिन्धुपाचोकका विभिन्न विधामा उत्कृष्ट छ किसानलाई पुरस्कार प्रदान गरेका छन् । पुरस्कृत हुनेमा आलु र बीउ उत्पादनको क्षेत्रमा उत्कृष्ट काभ्रेपलाञ्चोकका पनौती नगरपालिका-३ का राजेन्द्र थापा, आलु र तरकारीखेतीमा उत्कृष्ट पाँचखाल नगरपालिका-१२ का बद्रीप्रसाद ढुङ्गाना र पशुपालनतर्फ उत्कृष्ट हुनुभएका बेथानचोक गाउँपालिका वडा नं. १ का रुपेश पाख्रिन पुरस्कृत भए ।

साथै ट्राउट माछा पालनमा उत्कृष्ट सिन्धुपाल्चोकबाट हेलम्बु गाउँपालिका वडा नं. ४ का दीपककुमार लामिछाने, मेलम्ची पशुपालत र घाँसखेतीमा उत्कृष्ट नगरपालिका वडा नं. ११ का राजकुमार ढकाल र ब्राखापालन र घाँसखेतीमा उत्कृष्ट भइ भोटेकोशी गाउँपालिका वडा नं. १ का विनोद प्रधान पुरस्कृत भए । पुरस्कृत हुनेलाई राष्ट्रपति पौडेलले सम्मानपत्र, दोसल्ला र नगद प्रदान गरे ।जिल्ला समन्वय समिति, बनेपा नगरपालिका, कृषि विकास कार्यालय, पशु सेवा कार्यालय तथा काभ्रेपलाञ्चोक उद्योग वाणिज्य सङ्घद्वारा संयुक्तरुपमा शुक्रबारदेखि आयोजित बृहत् कृषि महोत्सव चार दिनेसम्म सञ्चालन हुनेछ ।

# युवाका लागि देशभित्रै रोजगारी सृजना महत्वपुर्ण- सांसद शर्मा

नेपालगन्ज । संसदीय व्यवस्थाको सुन्दर पक्ष भनेको राजनीतिक स्वतन्त्रता र समानता नै हो । जनताले आफ्नो एक अमूल्य भोट हालेर सरकारको निर्माण गरेको हुन्छ । जनताप्रति उत्तरदायी हुने जुन प्रणाली छ, त्यो लोकतन्त्रको सुन्दर पक्ष हो । जनताप्रति उत्तरदायी हुने र जनताका समक्ष जवाफदेहिता वा पारदर्शिताको जुन प्रश्न छ, त्यसलाई संसदीय व्यवस्थाले सम्बोधन गरेको हुन्छ ।

राष्ट्रियसभाको एक सदस्यका हैसियतले मैले भन्नैपर्छ, प्रतिनिधिसभाको तुलनामा राष्ट्रियसभाले निकै बढी काम गरिरहेको छ, र बैठकमा यसका सदस्यहरुको उपस्थिति पनि बाक्लो हुने गरेको छ । राष्ट्रियसभाका समितिले पनि सक्रिय रुपमा काम गरिरहेका छन् । राष्ट्रियसभाले आफ्नो दायित्व पूरा गरिरहेको पाउँछु । राष्ट्रियसभाले आफूलाई अझ बढी सक्रिय, जिम्मेवार बनाउने उद्देश्यले नियमावलीमा संशोधन गर्न चाहेको छ, जसबाट यसको प्रभावकारिता अझ वृद्धि भएर जानेछ । राष्ट्रियसभामा प्रधानमन्त्रीसँग प्रश्नोत्तरको समय पनि राख्ने गरी नियमावली संशोधनको तयारी हुँदैछ । राष्ट्रियसभामा उठेका प्रशनको सम्बन्धित मन्त्रालयका मन्त्री उपस्थित भएर उत्तर दिनुपर्ने इत्यादि विषय छन् । नियमावली संशोधन भइसकेको छ, र अब त्यो पारित हुने चरणमा छ ।

सम्भवतः २०४७ सालतिरको कुरा हो । नेपाली कांग्रेसका तत्कालीन सभापति कृष्णप्रसाद भट्टराई (किसुनजी) लाई मैले एउटा प्रश्न गरेको थिएँ । शैक्षिक योग्यता नभएकालाई सांसद, मन्त्री किन बनाउने ? जवाफमा उहाँले भन्नुभएको थियो, तपाईंले भनेको कुरा सही छ तर बिस्तारै हुँदै जाला । मैले जोड्न खोजेको विषय के हो भने किसुनजीले भनेजस्तै अहिले धेरै परिवर्तन आएको छ, धेरै पढेलेखेका मान्छे आइरहेका छन् । राष्ट्रियसभाको गठनमा पनि यस्ता विषयलाई विशेष ध्यान दिन जरुरी छ । यो देशका प्रबुद्ध व्यक्तिको सभा भएकाले पनि यसको गरिमा, महत्व बढाउने गरी सदस्यहरुको चयन गर्ने परिपाटी विकास गर्नुपर्ने खाँचो छ ।

राष्ट्रियसभाको काम भनेकै जनताका आवाजलाई बुलन्द गर्ने, जनजीविकाको सवाललाई ध्यान दिने र कानुन बनाउने हो । विधायिकी प्रक्रिया र जनताको आवाजलाई सम्बोधन गर्ने यसको प्रमुख काम हो । कैयौं विधेयक राष्ट्रियसभामै उत्पत्ति भएर अगाडि बढेका छन् । हालै मात्र सुदूरपश्चिम प्रदेशमा मेडिकल कलेज स्थापनासम्बन्धी विधेयक राष्ट्रियसभाले पारित गरेर प्रतिनिधिसभामा पठाइसकेको छ । यो एक दृष्टान्त मात्र हो ।




राष्ट्रियसभामै रहेको विधायन व्यवस्थापन समितिले देशका महत्वपूर्ण र जल्दाबल्दा विषय समेटिएका विधेयकमाथि छलफल गरी पारित गर्दछ । साथै, यस समितिले ऐन कार्यान्वयनको मापन तथा अध्ययन र अनुसन्धान पनि गर्दछ । तर हो, गति अलि सुस्त भएको छ, बिस्तारै यसले गति समात्छ भन्ने लाग्छ । वास्तवमा भन्ने हो भने राष्ट्रियसभाको बैठक नै कम बस्छ । यो फागुनभरिमा जम्मा चारवटा बैठक बस्ने अवस्था देख्दैछ । अर्को, प्रतिनिधिसभाबाट 'बिजनेस' बढी दिनुपर्ने हुन्छ, र यसले पनि अलि समस्या देखिन्छ ।

मैले पहिले पनि धेरै पटक यो कुरा भन्दै आएको छु कि जनताको सबैभन्दा ठूलो र आधारभूत कुरा भनेकै खानेपानी, विद्युत्, शिक्षा, स्वास्थ्य र रोजगारी हो । खान नहुने पानी, श्वास फेर्न नहुने हावा छ जसले वातावरणीय प्रदूषणलाई स्पष्ट गर्छ । यसबाहेक विद्युत् महसुल चर्को छ, रोजगारी छैन, शिक्षामा विद्यार्थीलाई पासपोर्ट र भिसा थमाइदिएका छौं । बस्ने, खाने आधारभूत व्यवस्था पनि जनतासँग पर्याप्त छैन । गरिबीको रेखामुनि रहेको जनसङ्ख्या कम हुँदै जानुपर्नेमा बढेको विवरण सार्वजनिक भइरहेको छ । भौतिक पूर्वाधारका विषय पनि छन् । सुस्त गतिमा काम भइरहेको छ । ठेकेदारी प्रणाली गलत हुँदा त्यसको मारमा जनता परेका छन् ।

अहिले देशका अघिल्तिर देखा परेको सर्वाधिक पेचिलो कुरा भनेको बढ्दो बेरोजगारी हो । पछिल्ला सरकारहरुका लागि युवा रोजगारीको सृजना नै अहिलेको प्रमुख चुनौती हो । कुनै निजी कम्पनीमा काम गरेको श्रमिकले रु १५ देखि २० हजारसम्म पाउँछ तर विदेश गएपछि कम्तीमा पनि त्यो श्रमिकले रु ५० हजारसम्म कमाउँछ । त्यसकारण बाध्य भएर त्यो विदेश जान्छ । यस्तो अवस्थाको अन्त्य अहिलेको अनिवार्य सर्त हो जस्तो मलाई लाग्छ । विदेशमा काम गर्ने श्रमिक र नेपालमा काम गर्ने श्रमिकबीचको पारिश्रमिकको जुन खाडल छ, त्यसलाई राज्यले एउटा नीति बनाएर सम्बोधन गर्नुपर्छ । नेपालमा थोरै पैसामा धेरै काम लगाउने प्रचलनको अन्त्य हुन जरुरी छ । काठमाडौंका निजी स्कुल, नर्सिङ होम, अस्पताल जस्ता क्षेत्रमा पारिश्रमिकमा शोषण भइरहेको रिपोर्ट आइरहेका छन् । यसलाई सरकारले एक स्पष्ट मापदण्ड बनाएर व्यापक निगरानी बढाउनु जरुरी भइसकेको छ ।

भारतमा जसरी विश्वव्यापीकरण, निजीकरणका काम भए त्यसरी नै नेपालमा पनि विश्वव्यापीकरण, निजीकरण र तीन खम्बे अर्थनीतिलाई सही ढङ्गले अघि बढाएको जस्तो लाग्दैन । नीतिमा त्रुटि छ वा नीतिलाई कार्यान्वयन गरिएको छैन । कुनै कुनै कुरामा नीतिमा त्रुटि र कार्यान्वयनको पक्ष एकदम फितलो देखिएको छ । अहिले पुँजीगत खर्च जम्मा २५ प्रतिशतको हाराहारीमा छ । यसरी त देश कहिले अगाडि बढ्ला र ? कहिलेकाहीँ त निराशा पनि हुन्छ ।

राष्ट्रिसभामा विधायन समिति, प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिलगायत छन् । ती समितिले राम्रो काम गरिरहेका छन् । ती समितिलाई दोष दिन मिल्दैन । प्रत्यायोजित तथा सरकारी आश्वासन समितिले सरकारले निर्देशिका कानुन विपरीत बनाएको छ वा नियम गलत बनेका छन् । निर्देशिका तथा नियम कसरी बनिरहेको छ, मन्त्रीहरुलाई बोलाएर पनि छलफल गर्छौं । प्रधानमन्त्री र मन्त्रीहरुले संसद्‌को 'रोष्ट्रम'मा दिएको आश्वासन कार्यान्वयन भएको छ वा छैन भन्ने विषयमा आश्वासन समितिले हेर्छ । यसमा अर्को पक्ष अभिलेख पनि छ ।

प्रतिनिधिसभा र राष्ट्रियसभाका सांसदहरु नीति तथा कार्यक्रम प्रस्तुत हुँदा एक ठाउँमा हुन्छौं । वर्षमा एकदुई पटक साथसाथै हुन्छौं । यी दुवै सदनलाई प्रभावकारी बनाउने सन्दर्भमा संविधानमा त्रुटि छ भन्न मिल्दैन । तत्कालीन स्थापित दलहरुले सोचेर, विचार गरेर यो संविधान जारी भएको हो । त्यसकारण संविधानमा त्रुटि छैन, सञ्चालन गर्ने व्यक्तिमा त्रुटि हुन सक्छ । नराम्रो संविधान पनि राम्रो मान्छेको हातमा पर्‍यो भने त्यसले राम्रो काम गर्छ । राम्रो संविधान पनि नराम्रो मान्छेको हातमा पर्‍यो भने लक्ष्य प्राप्त गर्न सक्दैन ।

**राष्ट्रियसभा सदस्य युवराज शर्माको परिचय**

विसं २०४५ देखि २०४९ सालसम्म नेपाली कांग्रेस बाँकेको सभापति भएर काम गर्नुभएका राष्ट्रियसभाका सदस्य श्री युवराज शर्मा पुराना, कर्मठ र अध्ययनशील राजनीतिज्ञ हुनुहुन्छ । तत्कालीन पञ्चायत विरोधी गतिविधिका कारण उहाँ २०२४ सालमा पहिलोपटक जेल पर्नुभएको थियो । २०२८ सालमा शेरबहादुर देउवा नेपाल विद्यार्थी सङ्घको केन्द्रीय अध्यक्ष हुँदा शर्मा उपाध्यक्ष भएर काम गर्नुभएको थियो । राजनीतिसँगै केही वर्ष शिक्षण पेसामा समेत श्री शर्मा संलग्न हुनुहुन्थ्यो । हाल उहाँ नेपाली कांग्रेसका तर्फबाट लुम्बिनी प्रदेशबाट राष्ट्रियसभामा प्रतिनिधित्व गर्नुहुन्छ ।रासस

# परिचयपत्रलाई डिजिटल प्रविधिमा ल्याउनु पर्ने : मन्त्री आचार्य

**टुडे समाचारदाता**

काठमाण्डु । महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री सुरेन्द्रराज आचार्यले अपाङ्गता परिचय पत्रलाई डिजिटल प्रविधिमा ल्याउन जरुरी रहेको बताएका छन् ।

राष्ट्रियसभा, दिगो विकास तथा सुशासन समितिको शुक्रबारको बैठकमा राष्ट्रियसभाबाट स्वीकृत भएको अपाङ्गता भएका व्यक्तिको सङ्कल्प प्रस्ताव कार्यान्वयनका विषयमा मन्त्री आचार्यले समयसापेक्ष डिजिटल माध्यमबाट अपाङ्गता भएका व्यक्तिलाई सहज, सरलरुपमा परिचयपत्र वितरण गर्न जरुरी रहेको बताए । त्यस्तै उनले सबै अपाङ्गता भएका व्यक्तिलाई न्यायोचित तरिकारले परिचयपत्र वितरण गर्नुपर्ने बताए ।

मन्त्री आचार्यले भने, "अपाङ्गता परिचय पत्र वितरणमा विभेद देखिएको छ । पहुँचवालाले पाउने, पहुँच नहुनेले नपाएको अवस्था छ । त्यसकारण परिचयपत्र वितरण न्यायोचित किसिमले गर्ने र डिजिटल प्रविधिमा ल्याउन जरुरी छ ।"

उनले अपाङ्गता सहायक सामग्री वितरणमा तीन तहकै सरकारलाई जिम्मा दिनुपर्ने विषयमा मन्त्रालयले छलफल गरिरहेकोसमेत बताए ।



राष्ट्रियसभाबाट स्वीकृत भएको सङ्कल्प प्रस्तावको कार्यान्वयनका लागि अन्तरमन्त्रालयसँग सहकार्य र सम्मन्वय भइरहेको मन्त्री आचार्यले बताए ।

समिति सभापति प्रकाश पन्थले ऐन, नियम, कानुन बनाउने काम सकिएकालेल कार्यान्वयन हुनुपर्नेमा जोड दिए । कानुनमा अधिकार लेख्ने काम सकिएको भन्दै अब अधिकार खोज्ने बेला आएको सभापति पन्थले बताए । उनले भने, "धेरै ऐन, कानुन निर्माण गर्‍यौं अब कार्यान्वयन गर्नुपर्नेछ । अपाङ्गता परिचयपत्रको दुरुपयोग भएको छ । यसका लागि वडामा अनलाइनबाटै व्यक्तिगत पहिचान देखिनुपर्ने व्यवस्था गर्नुपर्नेछ ।"

समिति सदस्य वामदेव गौतमले सडक दुर्घटनामा परेर धेरैजसो नागरिक अपाङ्ग हुनुपरेकाले यसको न्यूनिकरणका राजमार्ग प्रहरीको व्यवस्था गर्नुपर्ने धारणा व्यक्त गरे । "हरेक पाँच किलोमिटरमा सिसिटीभी क्यामरा जडान र यातायात निगरानी गर्न राजमार्गमा छुट्टै प्रहरी व्यवस्था गर्नुपर्छ", उनले भने, "सरकारले दुर्घटना भएर अपाङ्ग हुने व्यक्तिका लागि निःशुल्क उपचार र शुक्रबारीवन जीवनयापन गर्न सहयोग गर्नुपर्छ ।"

समिति सदस्य नारायणप्रसाद दाहालले पहुँचका आधारमा अपाङ्गको वर्गीकरण गरेर परिचयपत्र वितरण गर्ने गलत प्रवृत्ति भइरहेको बताए । उनले अपाङ्गका सहायक सामग्रीको वितरणमा पनि आफ्नो नजिकको मान्छेलाई मात्र दिने गरेको दाबी गरे । समिति सचिव डा रोजनाथ पाण्डेले अपाङ्गको क्षेत्रमा काम गर्दा संवेदनशील भएर काम गर्नुपर्ने बताए । उनले सिंहदरबारमा बनेका केही भवनहरु अपाङ्गमैत्री बन्न नसकेको पनि भनाइ राखे ।

सांसद कमलादेवी पन्तले अपाङ्गता भएका व्यक्तिका परिवारलाई समेत सरकारले सहयोग गर्नुपर्ने बताए । उनले महिला, बालबालिका, अपाङ्गता भएका व्यक्तिको गुनासो सम्बोधन गर्न स्थानीय तहमा महिला मन्त्रालयको प्रतिनित्व गर्ने संस्था आवश्यक रहेको औँल्याए । सांसद रमेशजङ्ग रायमाझीले ऐन, कानुनको निर्माण गर्ने तर इमान्दारीकाका साथ त्यसको पालना नगर्ने प्रवृत्ति बढेको उल्लेख गरे ।

# आर्थिक समृद्धिका लागि दलीय सहकार्यमा ओलीको जोड

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले 'समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा पूरा गर्न राजनीतिक दलहरुबीच सहकार्य जरुरी भएको बताएका छन् ।

विश्व सामाजिक मञ्चको १६ औं सम्मेलनका सन्दर्भमा नेपाल बुद्धिजीवी परिषद्ले शुक्रबार आयोजना गरेको 'समाजवादको भावी दिशा' विषयमा शुक्रबार यहाँ आयोजना गरेको छलफलमा अध्यक्ष ओलीले आफूहरु कुनै दर्शन र विचारधारा आधारित भन्दा पनि मुलुकको राष्ट्रिय हित र नेपाली जनताका पक्षमा काम गर्न दलीय सहकार्य आवश्यक भएको बताए । उनले परस्परिक हित, लाभ र सामाजिक न्यायसहितको परराष्ट्र नीतिप्रति आफ्नो पार्टीको दृढ समर्थन रहेको बताए ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का सचिव सुरेन्द्र कार्कीले समाजवादी आन्दोलनलाई निष्कर्षमा पुर्‍याउन यसका पक्षधर एकताबद्ध भएर लाग्नुपर्नेमा जोड दिए । उनले देशको समृद्धिलाई केन्द्रमा राखेर काम गर्नुपर्नेमा जोड दिए ।

नेपाली कांग्रेसका नेता मीनेन्द्र रिजालले देशको अर्थतन्त्रलाई गतिशील बनाउन पूँजीगत खर्च बढाउनुपर्ने सुझाव दिए ।

# युक्रेनी राष्ट्रपति जेलेन्स्कीद्वारा जर्मनीसँग द्विपक्षीय सुरक्षा सम्झौतामा हस्ताक्षर

एपी

बर्लिन । युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले जर्मनीसँग एउटा द्विपक्षीय सुरक्षा सम्झौतामा हस्ताक्षर गर्नुभएको छ । शुक्रबार उहाँले फ्रान्ससँग



अर्को एक सम्झौतामा हस्ताक्षर गर्ने योजना बनाउनुभएको छ।

रुसद्वारा पूर्णस्तरको युद्ध सुरु गरेको करिब दुई वर्षपछि किएभले पश्चिमी समर्थन बढाउनका लागि कोष गरिरहेका बेला यसबाट दीर्घकालीन समर्थनको एउटा बलियो सङ्केत प्राप्त भएको छ।

युक्रेनी नेतालाई बर्लिनमा जर्मन चान्सलर ओलाफ स्कोल्जले स्वागत गर्नुभयो र फ्रान्सेली राष्ट्रपति इम्यानुएल म्याक्रोनलाई भेट्न पेरिस जाने तयारी गरिएको थियो ।

नियोजित संयुक्त पत्रकार सम्मेलनअघि स्कोल्जले सामाजिक सञ्जाल एक्समा लेख्नुभएको थियो, "जेलेन्स्की र मैले हाम्रो दीर्घकालीन सुरक्षा प्रतिज्ञाहरूमा एउटा सम्झौतामा हस्ताक्षर गरेका थियौं।" उहाँले उक्त सम्झौतालाई 'ऐतिहासिक कदम' भन्नुभएको थियो । सरकारले सम्झौताको विवरण तत्काल दिएको छैन।

गत महिना बेलायती प्रधानमन्त्री ऋषि सुनकले किएभको भ्रमण गर्दा युक्रेन र बेलायतबीच भएको सुरक्षा सम्झौतापछि जर्मनीसँग द्विपक्षीय सुरक्षा तथा दीर्घकालीन समर्थन सम्झौता भएको हो। यो सम्झौताले आगामी १० वर्षलाई समेट्ने छ।

जेलेन्स्कीले शनिबार उच्चस्तरीय सुरक्षा तथा विदेश नीति अधिकारीहरूको वार्षिक सभाका रूपमा रहेको म्युनिख सुरक्षा सम्मेलनमा भाग लिनुहुनेछ । उक्त सम्मेलनमा उहाँले अमेरिकी उपराष्ट्रपति कमला ह्यारिससलगायत अन्य नेताहरूलाई भेट्ने योजना बनाउनुभएको छ।

गोला-बारुदको आपूर्ति र कर्मचारीको कमीका कारण युक्रेन युद्धमा रक्षात्मक भएकाले दीर्घकालीन ऐक्यबद्धताको सन्देश दिने सुरक्षा सम्झौताको प्रमुख उद्देश्य रहेको प्रतीत हुन्छ।

सम्झौताको विवरण सार्वजनिक गर्ने अनुमति नभएका एक फ्रान्सेली अधिकारीले अज्ञातरूपमा कुरा गर्दै जेलेन्स्कीको भ्रमणअघि पेरिससँगको सम्झौताको उद्देश्य युक्रेनलाई 'दीर्घकालीन समर्थन प्रदान गर्नु' र 'दृढ सङ्कल्पको सन्देश' पठाउनु रहेको बताउनुभयो। उहाँले सम्झौतामा सैन्य र सुरक्षा प्रतिबद्धताका साथै वित्तीय र आर्थिक सहयोग पनि समावेश हुनेछ।

बेलायत-युक्रेन सम्झौतामा युक्रेनको रक्षा निर्माणमा सहयोग गर्ने र रुसबाट पुनः आक्रमण भएमा 'द्रुत र दिगो सुरक्षा सहयोग' प्रदान गर्ने प्रतिबद्धता गरिएको थियो । यद्यपि यो व्यापक विस्तारमा गएको छैन।

युरोपेली सहयोगीहरूले हालैका दिनहरूमा अमेरिकी काङ्ग्रेससँग युक्रेनलाई ६० अर्ब डलरको प्याकेजलाई स्वीकृति दिन आग्रह गरेका छन् । उक्त प्याकेजले ठूलो मात्रामा अमेरिकी रक्षा संस्थाहरूलाई मिसाइल, युद्ध सामग्री र अन्य सैन्य हार्डवेयर बनाउनका लागि युक्रेनको युद्ध क्षेत्रमा पठाउनेछ । उक्त प्याकेजले हाउस अफ रिप्रेजेन्टेटिभ्समा रिपब्लिकनहरूको विरोधको सामना गर्नुपरिरहेको छ।

जर्मन चान्सलर स्कोल्जले अमेरिकी कोष जारी गर्ने अत्यावश्यकतालाई जोड दिन एक साताअघि वासिङ्टनको भ्रमण गर्नुभएको थियो । अमेरिकी राष्ट्रपति जो बाइडेनलाई भेटेपछि उहाँले भन्नुभएको थियो, "हामीले यताउता घुम्न जरुरी छैन, युक्रेन आफ्नो रक्षा गर्न सक्षम हुनेछ भन्ने प्रश्नका लागि अमेरिकाको समर्थन अपरिहार्य छ।"

अमेरिकापछि जर्मनी अहिले युक्रेनलाई सैन्य सहायता आपूर्ति गर्ने दोस्रो सबैभन्दा ठूलो मुलुक हो । साथै स्कोल्जले हालै अन्य युरोपेली मुलुकहरूसँग थप हतियार वितरण गर्न आह्वान गर्नुभएको छ।

सन् २०२२ फेब्रुअरीमा रुसी आक्रमणपछि गत वर्ष जेलेन्स्कीले बर्लिनको पछिल्लो भ्रमण गर्नुभएको थियो । सन् २०२३ को फेब्रुअरी र मेमा भ्रमणहरूपछि शुक्रबारको भ्रमण आक्रमणपछि उहाँको पेरिसको तेस्रो भ्रमण हुनेछ।

# नेदरल्याान्ड्सविरुद्ध कसरी उत्रन्छ नेपाल ?




काठमाण्डु । नेपाली राष्ट्रिय पुरुष क्रिकेट टोलीले आइसीसी विश्वकप क्रिकेट लिग-२ को दोस्रो खेलमा शनिबार नेदरल्यान्ड्सको सामना गर्दैछ।

भारतमा केही महिनाअघि सम्पन्न क्रिकेट विश्वकप २०२३ खेलेर आएको नेदरल्यान्ड्सको टोलीमा विश्वकपबाट खासै परिवर्तन भएको छैन। विश्वकप खेलेकै खेलाडीसहित बलियो टोली लिएर नेपाल आएको नेदरल्यान्ड्स लिग-२ मा सुखद सुरुवात गर्ने लक्ष्यमा हुनेछ । विश्वकपबाट कोलिन एकरमेन, साकिब जुल्फिकर र लोगन भान बिक मात्र टोलीमा छैनन्।

यता नेपाल भने पहिलो खेलमा हार बेहोरेसँगै केहि दबाबमा छ । नामिबियाविरुद्ध पहिलो खेलमा खराब ब्याटिङसँगै नेपाल १ सय ३२ रनमा अलआउट भएको थियो। नेदरल्यान्ड्सविरुद्ध दीपेन्द्र सिंह ऐरीको पुनरागमन हुने खबरले केहि आशा भने संचार भएको छ।

प्रशिक्षक देशाइले नामिबियाविरुद्ध कुशल भुर्तेल र आसिफ शेखलाई ओपनिङको जिम्मेवारी दिएर अनिल शाहलाई तेस्रो नम्बरमा उतारेका थिए । यसक्रममा आरिफ शेख बेन्चमा रहेका थिए।

नेदरल्यान्डसविरुद्ध आसिफ र कुशल नै ओपन गरेर आरिफ मध्यक्रममा आउने देखिन्छ। त्यस्तै पवन सर्राफको स्थानमा दीपेन्द्र टोलीमा फर्कने पक्काजस्तै छ । यसो हुँदा नेपालको ब्याटिङ क्रममा सन्तुलन हुनुका साथै दीपेन्द्रको बलिङले थप फाइदा पुग्छ । आरिफ र दीपेन्द्र नेपाली टोलीका उत्कृष्ट फिल्डरमा पनि पर्छन्।

नेपाल र नेदरल्यान्ड्सले यसअघि ३ पटक ओडीआईमा एक अर्कासँग खेलेका छन् । दुई पटक न्युजिल्यान्डले सहज जित हासिल गर्दा नेपालले सन् २०१८ मा सिरिज बराबर गर्न १ रनको जित दर्ता गरेको थियो। नेपालको घरेलु मैदानमा नेदरल्यान्ड्स पहिलो पटक ओडीआई खेल्दैछ।

**नेपालको टोली** : रोहित पौडेल, आसिफ शेख, देव खनाल, अनिल शाह, कुशल भुर्तेल, कुशल मल्ल, आरिफ शेख, पवन सर्राफ, भीम सार्की, दीपेन्द्र सिंह ऐरी, गुलशन झा, सोमपाल कामी, करण केसी, ललित राजवंशी, सूर्य तामाङ

**नेदरल्यान्डस टोली** : म्याक्स ओ'डाउड, विक्रमजित सिंह, नोआह क्रोस, शारिज अहमद, आर्यन दत्त, तेजा निदमानुरु, स्कट एडवार्डस (कप्तान), माइकल लेभिट, भिभियन किंग्मा, वेस्ली बरेसी, साइब्रान्ड एंगलब्रेक्ट, रोलफ भान डर मर्व, बास डे लिड, काइल क्लेन, ओलिभर एलेन्बास। रासस

# भारतमा चुनावअघि कर विभागद्वारा विपक्षी दलको रकम रोक्का

एएफपी

नयाँदिल्ली। भारतको प्रमुख प्रतिपक्षी दल भारतीय काङ्ग्रेस पार्टीले राष्ट्रिय निर्वाचनको घोषणा हुनुभन्दा केही हप्ताअघि नै कर विभागले आफ्नो बैङ्क खाता रोक्का गरेको शुक्रबार जनाएको छ।

काङ्ग्रेस प्रवक्ता अजय माकनले पत्रकार सम्मेलनमा भन्नुभयो, "हामीलाई हाम्रो दलको खाता रोक्का गरिएको जानकारी दिइएको छ।

माकनका अनुसार भारतको आयकर विभागले आर्थिक वर्ष २०१८/०१९ का लागि आयकर दाखिला गरेको अनुसन्धानको क्रममा दुई अर्ब १० करोड भारु (दुई करोड ५३ लाख अमेरिकी डलर बराबर) को भुक्तानी माग गरेको थियो।

पार्टीले त्यस्तो जरिवाना रकम तिर्न कुनै कदम नचालेको भन्दै चुनावअघि नै पार्टीलाई किनारा लगाउने उद्देश्यले यस्तो कदम चालेको उहाँले दाबी गर्नुभयो।

उहाँले भन्नुभयो, "राष्ट्रिय चुनावको घोषणा हुनुभन्दा दुई हप्ताअघि नै प्रमुख प्रतिपक्षी दलको खाता रोक्का गरिएको छ, के तपाईंलाई लाग्छ कि हाम्रो देशमा लोकतन्त्र जीवित छ ?"

आलोचक र अधिकारवादी समूहहरूले प्रधानमन्त्री नरेन्द्र मोदीको सरकारले आफ्ना राजनीतिक प्रतिद्वन्द्वीहरूलाई लक्षित गर्न कानून प्रवर्तन एजेन्सीहरूको प्रयोग गरेको आरोप लगाएका छन्।

भारतीय राजनीतिमा दशकौंदेखि प्रभुत्व जमाएका काङ्ग्रेस नेता राहुल गान्धीलाई गत वर्ष मोदीको पार्टीका एक सदस्यको उजुरीपछि आपराधिक मानहानीको अभियोगमा दोषी ठहर गरिएको थियो।

उहाँको दुई वर्षको जेल सजायले उहाँलाई उच्च अदालतले फैसला निलम्बन नगरेसम्म केही समयका लागि संसद्बाट अयोग्य घोषित गरेको थियो । निलम्बनले विश्वको सबैभन्दा बढी जनसङ्ख्या भएको प्रजातान्त्रिक मुलुकको लोकतान्त्रिक मूल्य मान्यतामाथि प्रश्नचिन्ह खडा गरेको थियो। यद्यपि, अदालतको विपक्षी नेताको पक्षमा देखिएको फैसलापछि उक्त आरोप स्वतः निस्प्रभावी भएको थियो।

# भ्रामक भिडियो फेसबुकमा पोष्ट गर्ने दुई ताइवानी जेल सजाया

एएफपी

नोम पेन। कम्बोडियालीसमुद्री किनारको एक रिसोर्टबाट नक्कली अपहरणको योजना बनाएको र त्यसको भिडियो फेसबुकको अनलाइनमा पोस्ट गरेको आरोपमा ताइवानका दुई जनालाई दुई-दुई वर्षको जेल सजाय सुनाइएको छ।

प्रिह सिहानोक प्रान्तीय अदालतले जारी गरेको विज्ञप्तिमा भनिएको छ, "३१ वर्षीय चेन नेङ-चुआन र ३४ वर्षीय लु सु-सिएनले सिहानोकभिलको एक भवनमा सुरक्षा गार्डले आफूलाई हिरासतमा लिएको र कुटपिट गरेको भिडियो फेसबुकमा पोस्ट गरेपछि पक्राउ गरिएको हो।"

"दुवै जना मानव बेचबिखन, यातनासहित हिरासतमा राख्ने, बलात्कार गर्ने र मानव अङ्ग बेचबिखनसम्बन्धी निन्दनीय भिडियो तयार पार्न कम्बोडिया प्रवेश गरेका देखिएको छ," अदालतले भनेको छ।

अदालतले उनीहरूलाई 'सामाजिक सुरक्षामा खलल पुऱ्याउन उक्साएको' अभियोगमा बिहीबार एक सुनुवाइमा दोषी ठहर गरेको हो।अदालतले उनीहरूलाई जनही दुई वर्षको जेल सजाय सुनाएको छ र झण्डै दुई हजार



अमेरिकी डलर जरिवाना तिर्न आदेश दिएको छ।

प्रान्तीय सरकारले ती व्यक्तिहरूले प्रान्तको इज्जत, सुव्यवस्था र सुरक्षामा असर पार्ने गरी 'फेक कन्टेन्ट' सहितको भिडियो बनाएको बताएको छ। अधिकांश ताइवानी र अन्य देशका केहीले अनलाइनमार्फत् भ्रामक सामग्री सम्प्रेषण गरी मानिसहरूलाई प्रलोभनमा पारेर पीडितहरूलाई ठूलो रकम ठग्ने गरेका पाइएको कम्बोडियाली प्रशासनले जनाएको छ।

ताइवानको केन्द्रीय समाचार संस्था (सीएनए) का अनुसार ती मध्ये एक व्यक्तिले सोमबार राति एक भिडियोको प्रत्यक्ष प्रशारण गरेका थिए । भिडियोमा उनलाई अदृश्य आक्रमणकारीहरूले लखेटेको र पिटेको देखिन्छ भने दोस्रो भिडियोमा उनी भागेको दाबी गरिएको देखिन्छ।

सीएनएका अनुसार दोस्रो भिडियोमा उनले आफू घाइते भएको र लुटिएको, बाँधेको, पिटेको र स्टन गनले आक्रमण गरेको वर्णन गरेका छन्।

गत अगष्टमा संयुक्त राष्ट्रसङ्घले दक्षिणपूर्वी एसियामा आपराधिक गिरोहहरूले लाखौं मानिसहरूलाई यातनाको धम्की दिएर अनलाइन 'स्क्याम'हरू गर्न बाध्य पारिरहेको चेतावनी दिएको थियो ।संयुक्त राष्ट्रसङ्घले एक रिपोर्टमा भनेको छ, "अनलाइन अपराधमा काम गर्न धेरैलाई तस्करी गरिएको छ र यातना वा यौन हिंसाजस्ता गम्भीर उल्लङ्घनको सामना गर्नुपरेको छ।"

# रुसी विपक्षी नेता नाभाल्नीको कारागारमै मृत्यु

एएफपी

मस्को । रुसी विपक्षी नेता एलेक्सी नाभाल्नीको शुक्रबार आर्कटिक जेल कोलोनीमा मृत्यु भएको रुसको सङ्घीय कारागार सेवाले बताएको छ । उक्त कारागारमा नाभाल्नीले १९ वर्षको सजाय काटिरहनुभएको थियो।



नाभाल्नी टहल्न जाँदा बेहोश हुनुभएको र चिकित्सकहरूले उहाँलाई बचाउन नसकेको कारागार सेवाले जनाएको छ । "टहलेपछि नाभाल्नीले अप्ठ्यारो महसुस गर्नुभयो, उहाँ तत्काल बेहोश हुनुभयो, मेडिकल स्टाफ तुरुन्तै आइपुग्यो र एउटा एम्बुलेन्स टोलीलाई बोलाइयो", कारागार सेवाले भनेको छ, "पुनर्जीवनको उपाय गर्दा सकारात्मक परिणाम आएन, प्यारामेडिकहरूले उहाँको मृत्युको पुष्टि गरे, मृत्युको कारण पत्ता लगाउने प्रयास भइरहेको छ।"

रुसको अनुसन्धान समितिले उहाँको मृत्युको अनुसन्धान सुरु गरिएको जानकारी दिएको छ।

नाभाल्नीका प्रेस सचिव किरा यर्मिशले उहाँको टिमलाई मृत्युको सूचना नदिएको बताउनुभयो। उहाँले सामाजिक सञ्जालमा एक पोस्टमा भन्नुभयो, "एलेक्सीका वकिल उडानमार्फत अहिले खार्प गइरहेका छन्।" खार्पमा उहाँ रहेको कारागार कोलोनी छ।

उहाँका प्रवक्तालाई उद्धृत गर्दै रुसी समाचार एजेन्सीहरूले राष्ट्रपति भ्लादिमिर पुटिनलाई नाभाल्नीको मृत्युको जानकारी दिइएको बताएका छन्। रुसका सबैभन्दा प्रख्यात ४७ वर्षीय विपक्षी नेता नाभाल्नीले रुसमा भ्लादिमिर पुटिनको भ्रष्टाचारको आलोचना गरेपछि सबैभन्दा ठूलो सऱ्याम अनुयायी बनाउनुभएको थियो।

रुसको कठोर प्रति-विरोधी कानूनका बावजुद उहाँको युट्युब च्यानलमा पोस्ट गरिएका उहाँको खुलासाले लाखौं 'भ्यु' प्राप्त गरेको थियो र हजारौं रुसीलाई सडकमा ल्याएको थियो।

जर्मनीबाट रुस फर्केपछि सन् २०२१ को प्रारम्भमै उहाँलाई कारागारमा पठाइयो । कारागारमा उहाँ सोभियत युगको स्नायु एजेन्ट नोभिचोकसँग करिब घातक विषको हमलाबाट निको भइरहनुभएको थियो।

स्वतन्त्र अधिकार समूह र पश्चिमका क्रेमलिनको व्यापक रूपमा निन्दा गरिएको आरोपको प्रतिशोधमा उहाँलाई १९ वर्षको कारागार सजाय सुनाइएको थियो। गत वर्षको अन्त्यमा उहाँलाई उत्तरी साइबेरियामा रुसको यमालो-नेनेट्स क्षेत्रमा आर्कटिक कारागारको एक कोलोनीमा राखिएको थियो।

नाभाल्नीको टेलिग्राम च्यानलमा अन्तिम पोस्टमा भ्यालेन्टाइन डेका अवसरमा आफ्नी श्रीमती युलिया नाभाल्नायालाई श्रद्धाञ्जलि राखिएको थियो। उक्त च्यानल निर्वासनमा आफ्ना वकिल र टिमहरूको माध्यमबाट उहाँले प्रबन्ध गर्नुभएको थियो।

# अफ्रिकामा लगभग दश करोड बालबालिका तथा युवा विद्यालय बिमुख

सिन्हवा

आदिस अबावा।अफ्रिकामा छ देखि १९ वर्ष उमेर समूहका करिब दश करोड बालबालिका तथा युवाविद्यार्थीहरू विद्यालयबाट वञ्चित भएका कारण सामाजिक रूपमा एकीकृत नभएको शिक्षा, विज्ञान, प्रविधि र नवप्रवर्तनका लागि अफ्रिकी युनियन (एयू) का आयुक्त मोहम्मद बेल्होसिनले बिहीबार बताउनुभएको छ।

बालबालिका तथा युवाहरू व्यापक जोखिममा रहेकाले आतङ्कवादी समूह, लागुऔषध व्यापारी र मानव बेचबिखनकर्ताहरूले सजिलैसँग प्रयोग गर्ने गरेको इथियोपियामा जारी एयू शिखर सम्मेलनमा बेल्होसिनले बताउनुभयो। तिनीहरूमध्ये धेरै विभिन्न अपराध नेटवर्कमा समाप्त हुने वा अफ्रिकाका अन्य भागहरूलगायत महाद्वीप बाहिर बसाइँ सर्ने गरेको उहाँले बताउनुभयो।

उनीहरूलाई व्यावसायिक र प्राविधिक प्रशिक्षणको माध्यमबाट सहयोग गरी स्वरोजगार बन्न आवश्यक सीपहरू प्राप्त गर्न सहयोग गर्नुपर्ने कुरामा उहाँले जोड दिनुभयो।अफ्रिकाले कम ग्रेडमा गुणस्तरीय शिक्षा प्रदान गर्नमा अवरोधको सामना गरिरहेको छ।

परिणामस्वरूप अफ्रिकाका हरेक १० मध्ये नौ बालबालिकाले १० वर्षको उमेरमा साधारण पढ्न र बुझ्नसमेत असमर्थ भएको आयुक्तले स्वीकार गर्नुभयो।अफ्रिकालाई सन् २०२३ सम्ममा विश्वव्यापी शिक्षाको पहुँच हाँसिल गर्न करिब ९० अर्ब अमेरिकी डलरको आवश्यकता रहेको उल्लेख गर्दै उहाँले कोषलाई पूरा गर्न महाद्वीपलाई विश्वव्यापी सहयोगको आह्वान गर्नुभयो।

# दिल्लीको आगलागीमा मृत्यु हुनेको सङ्ख्या ११ पुग्यो

सिन्हवा

नयाँदिल्ली । दिल्लीमा बिहीबार भएको आगलागीमा ज्यान गुमाउनेको सङ्ख्या ११ पुगेको स्थानीय अग्निनियन्त्रण विभागका अधिकारीले शुक्रबार बताउन भएको छ।

अधिकारीका अनुसार आगलागीका कारण शवहरू पहिचान गर्न नसकने गरी जलेकाले मृतकको पहिचान हुन सकेको छैन। आगलागीका सबै पीडितहरू कारखानाका मजदुरहरू थिए।

दुर्घटनामा दिल्लीका एक प्रहरी र दुई महिलासहित चार जना घाइते भएका छन् । घाइते सबै जनालाई उपचारका लागि स्थानीय अस्पतालमा भर्ना गरिएको छ।

आगलागी उत्तरपश्चिम दिल्लीको आवासीय क्षेत्रको छेउमा अवस्थित रङ (पेन्ट) उत्पादन गर्ने कारखानामा भएको हो । आगलागीका कारण वरपरका घरहरू प्रभावित भएका छन् भने अग्निनियन्त्रण विभागका कर्मचारीहरूको निरन्तरको सहयोगमा कम्तीमा चार घण्टापछि शुक्रबार बिहानसम्ममा आगो नियन्त्रणमा आएको थियो।

नजिकैका घरहरू तथा पसलहरूमा आगो लागेपछि ठूलो विस्फोटको आवाज सुनिएको तर आगलागीको कारण अहिलेसम्म थाहा हुन नसकेको स्थानीयहरूले बताएका छन्।

# प्यालेस्टाइनलाई एकतर्फीरूपमा अन्तर्राष्ट्रिय मान्यता नदिन इजरायली प्रधानमन्त्री नेतन्याहूको आग्रह

एएफपी

जेरुसेलम। इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूले प्यालेस्टाइनी राज्यलाई एकतर्फीरूपमा अन्तर्राष्ट्रिय मान्यता दिने योजनालाई आफूले अस्वीकार गरेको बताउनुभएको छ।

इजरायलको सरकारमा रहेका प्रभावशाली अति दक्षिणपन्थी मन्त्रीहरू इतामार बेन-गिभर र बेजालेल स्मोटरिचले शान्तिका लागि विस्तृत योजना विषयमा द वासिङ्टन पोस्टमा प्रकाशित समाचारबारे राखेको धारणापछि प्रधानमन्त्री नेतन्याहूको यो भनाइ आएको हो।

केही अमेरिकी र अरब कूटनीतिज्ञहरूलाई उद्धृत गर्दै उक्त पत्रिकामा इजरायलको मुख्य सहयोगी संयुक्त राज्य अमेरिकाले इजरायल र प्यालेस्टाइनबीच दीर्घकालीन शान्तिका लागि विस्तृत योजनाबारे धेरै अरब देशहरूसँग मिलेर काम गरिरहेको उल्लेख गरिएको छ।

उक्त योजनामा प्यालेस्टिनी राज्यको स्थापनाको लागि एक निश्चित समय सीमा समावेश रहेको थियो। नेतन्याहूले सामाजिक सञ्जाल एक्स (ट्वीटर)मा हिब्रु भाषामा लेख्नुभएको छ, "इजरायलले प्यालेस्टाइनी राज्यलाई एकतर्फी मान्यता दिने कुरामा विरोध जारी राख्नेछ।"उहाँले भन्नुभयो,"अक्टोबर७मा भएको नरसंहारपछि यस्तो मान्यताले अकल्पनीय आतङ्कवादलाई ठूलो इनाम दिनेछ र भविष्यमा हुने कुनै पनि शान्ति सम्झौतालाई रोक्नेछ।"

"इजरायलले प्यालेस्टाइनसँग स्थायी समाधानसम्बन्धी अन्तर्राष्ट्रिय निर्देशनलाई स्पष्ट रूपमा अस्वीकार गर्दछ", उहाँले भन्नुभयो, "शान्ति सम्झौता केवल 'पूर्वशर्त बिना प्रत्यक्ष वार्ता' बाट मात्र हुन सक्छ ।वासिङ्टन पोस्टका अनुसार यो योजना 'कम्तीमा छ हप्तासम्म चल्ने' युद्धविरामबाट सुरु हुन्छ र अधिकारीहरूले मार्च १० मा मुस्लिमहरूको पवित्र महिना रमजान सुरु हुनुअघि नै सम्झौतामा पुग्न सक्ने आशा व्यक्त गरेका छन्।

# गाईघाट झरना र बराह ताल जोड्न पदमार्ग निर्माण

**टुडे समाचारदाता**

ढोरपाटन । बागलुङका दुई पर्यटकीय क्षेत्रलाई जोड्न पदमार्ग निर्माण गर्न थालिएको छ । ताराखोला गाउँपालिका र गलकोट नगरपालिकाको सिमानामा रहेको गाईघाट झरनालाई बराह तालसँग जोड्न पदमार्ग निर्माण गर्न थालिएको हो ।

गण्डकी प्रदेशको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट चालु आर्थिक वर्षमा विनियोजन भएको रु १० लाखले पदमार्ग निर्माण गर्न थालिएको हो । पदमार्ग निर्माणका लागि पर्यटन तथा उद्योग कार्यालय बागलुङसँग सम्झौता गरेर काम सुरु गरिएको गाईघाट झरना-बराहताल पदमार्ग निर्माण समितिका अध्यक्ष नरबहादुर घर्ती मगरले जानकारी दिए ।

यस वर्ष विनियोजन भएको बजेटले तालसम्म पदमार्ग पुऱ्याउन नसकिने उनको भनाइ छ । पक्की पदमार्ग निर्माण गर्न बढी खर्च लाग्ने हुँदा यस वर्ष करिब सात सय मिटर निर्माण हुने अध्यक्ष घर्ती मगर बताउनुहुन्छ । गाईघाट झरनादेखि करले गाउँसम्म पदमार्ग निर्माण गर्ने मगरले बताए ।उनले भने, "झरनादेखि केही माथिसम्म यसभन्दा अगाडि पदमार्ग निर्माण भएको छ, त्यहाँबाट नयाँ काम सुरु गरेका छौँ, योजना बराह तालसम्म पुऱ्याउने हो, तर बजेटले पुग्दैन, माथि गाउँसम्म पुग्ने 'स्टिमेट' भएको छ, कामलाई तीव्रता दिन थालेका छौँ, पदमार्गमा सिमेन्ट, बालुवाको प्रयोग बढी गर्नुपर्ने हुँदा बढी खर्चिलो हुन्छ ।"

ताराखोला-१ मा पर्ने झरनामा पछिल्लो समय आन्तरिक पर्यटकको भीड लाग्ने गरेको छ । झरनामा आउने पर्यटकलाई तालसम्म पुऱ्याउन पदमार्गले सहजता प्रदान गर्ने ताराखोला-१ का अध्यक्ष यामबहादुर श्रीसले बताए । खासगरी पर्यटन प्रवर्द्धनका लागि पदमार्ग निर्माण गर्न थालिएको उनको भनाइ छ । गाईघाट झरनादेखि बराह ताल पाँच किलोमिटर उत्तरमा रहेको जनाउँदै तालसम्मै पदमार्ग पुऱ्याउनका लागि आगामी वर्ष प्रदेश र केन्द्र सरकारसँग सहकार्य गर्ने अध्यक्ष श्रीसले बताए ।

झरनामा गाउँपालिकाले यसभन्दा अगाडि सोलार बत्ती जडान, बगैँचा व्यवस्थापन, खोलामा पुल बनाएको जनाउँदै पछिल्लो समय पर्यटकको आकर्षण पनि बढ्दै गएको उनको भनाइ छ । महिनामा करिब दुई हजार बढी पर्यटकले झरनाको अवलोकन गर्ने गरेको श्रीसले बताए । सबैभन्दा बढी बिदाको दिनमा पर्यटक आउने गरेका उनले जानकारी दिए ।

झरनालाई व्यवस्थित बनाउनका लागि प्रदेशले चालु आवमा पदमार्ग निर्माणसहित रु १५ लाख विनियोजन गरेको उनले बताए । झरनाभन्दा माथि रहेको ताललाई सौन्दर्यकरण गर्नुका साथै त्यस वरपर मन्दिर निर्माणसमेत गरेको वडाध्यक्ष श्रीसको भनाइ छ ।

"अहिलेसम्म झरनामा आउने पर्यटक तालसम्म पुऱ्याउन सकिएको छैन, ताल धेरै टाढा पनि होइन, पाँच किलोमिटरको दूरीमा छ, पदमार्ग निर्माणपछि झरना र ताललाई पर्यटकीय गन्तव्य बनाउन सकिन्छ की भन्ने लागेको छ", अध्यक्ष श्रीसले भने, "यस वर्ष पुऱ्याउन नसके पनि आगामी वर्षमा पालिका र प्रदेश सरकारसँग सहकार्य गर्छौं तालसम्म पदमार्ग पुऱ्याउने छौं, पर्यटकको चाप बढ्दै गएको छ, झरनामा आएका पर्यटकलाई तालसम्म पुऱ्याउन सके गाउँका उत्पादनले मूल्य पाउने छ, रोजगार सिर्जना हुने भने अन्य अवसर सिर्जना हुने अपेक्षा लिएका छौं।"

# सुन्तला बेचेर कमलले कमाए ४० लाख

**टुडे समाचारदाता**

दमौली । तनहुँको शुक्लागण्डकी नगरपालिका-११ नाम्सीकोटका कमल महतले यस वर्ष सुन्तला बेचेर रु ४० लाख आम्दानी गरेका छन् । वैदेशिक रोजगारीबाट फर्किएर सुन्तलाखेतीमा आबद्ध महतले सुन्तलाबाट मनग्य आम्दानी गरिरहेका छन् ।

विसं २०६४ बाट सुन्तला खेतीमा आबद्ध महतले सुन्तलाखेतीबाट सन्तुष्ट रहेको बताए । महतको सुन्तला बगैँचा ३५ रोपनी क्षेत्रफलमा फैलिएको छ । त्यहाँ एक हजार पाँच सय सुन्तलाका बोट छन् । उनले भने, "रोजगारीका लागि विभिन्न देश पुगे, त्यहाँ आत्मसन्तुष्ट हुन सकिन, स्वदेशमै फर्किएर केही गर्छु भन्ने मानसिकता बनाएर आएपछि सुन्तलाखेतीमा लागेको हुँ ।"

उनले विसं २०७६ मा कृषि महत फार्म दर्ता गरी व्यवस्थितरुपमा सुन्तलाखेती अगाडि बढाइरहेका छन् । उनका अनुसार सुन्तला बगैँचामा एक हजार पाँच सय उत्पादन दिने तथा सात सय उत्पादन नदिने बिरुवा छन् । उत्पादित सुन्तला काठमाडौँस्थित कालीमाटीमा बिक्री हुँदै आएको छ । उनले यस वर्ष कालीमाटीमा प्रतिकिलो रु एक सय २० सम्म सुन्तला बिक्री गरेको जानकारी दिए । उनले भने, "गत वर्ष रु ६० लाखको सुन्तला बगैँचाबाटै बिक्री भएको थियो, तर यस वर्ष उत्पादनमा ह्रास आउँदा कम आम्दानी भयो ।"

नाम्सीकोट सुन्तला पकेट क्षेत्रका रुपमा परिचित छ । महतले नाम्सकोटका करिब दुई सय घरधुरीलाई समूहमा विभाजन गरी गत वर्ष कृषि ज्ञान केन्द्र तनहुँले करिब रु ४० लाख बराबरको कार्यक्रम सहयोग गरेको जानकारी दिए । उनका अनुसार शुक्लागण्डकी नगरपालिकाले किसानलाई सुन्तलाखेतीका



लागि ड्रम, घाँस काट्ने मेसिनलगायत सामग्री अनुदान दिएको थियो ।

उनले यस वर्ष रु चार करोड बराबरको सुन्तला खरिद गरी बिक्री गरेको जानकारी दिए । म्याग्दे गाउँपालिकाका किसानबाट रु एक करोड ५० लाख र शुक्लागण्डकीका अलैँचे, नाम्सीकोटलगायत टोलबाट रु दुई करोड ५० लाखको सुन्तला खरिद गरी बिक्री गरेको उनले बताए । उनले सुन्तला बगानबाट प्रतिकिलो रु ७० देखि रु ७५ मा खरिद गरी रु एक सय २० सम्म बिक्री गर्ने गरेको सुनाए ।

तनहुँमा यस वर्ष कृषकले सुन्तला बिक्री गरेर रु ३० करोड भित्र्याएका छन् । जिल्लामा गत वर्षको तुलनामा यस वर्ष सुन्तला उत्पादनमा वृद्धि भएको कृषि ज्ञान केन्द्रले जनाएको छ । ज्ञान केन्द्रका बागवानी विकास अधिकृत वीरेन्द्र धितालले यो वर्ष करिब रु ३० करोड बराबरको सुन्तला उत्पादन भएको जानकारी दिए । जिल्लामा यस वर्ष तीन हजार सात सय ५० मेट्रिकटन सुन्तला उत्पादन भएको प्रारम्भिक अनुमान छ ।

कार्यालयका अनुसार गत वर्ष रु २ ९ करोड बराबरको सुन्तला उत्पादन भएको थियो । उक्त अवधिमा तीन हजार छ सय २५ मेट्रिकटन सुन्तला उत्पादन भएको थियो । प्रत्येक वर्ष जिल्लामा सुन्तला उत्पादन बढेको छ । सुन्तलाखेतीबाट मनग्य आम्दानी हुन थालेपछि कृषक यसतर्फ आकर्षित हुँदै गएका छन् । जिल्लाका आठ हजार पाँच सय ७० हेक्टर क्षेत्रफलमा सुन्तला खेती विस्तारको सम्भावना रहेको छ ।

कार्यालयले सुन्तलाखेती गर्ने कृषकलाई बगैँचा व्यवस्थापनमा सहयोग गर्दै आएको छ । धितालले भने, "कृषकलाई सुन्तला बगैँचामै पुगेर पनि आवश्यक परामर्श दिइरहेका छौँ ।" तनहुँमा उत्पादित अधिकांश सुन्तला काठमाडौँका व्यापारीले लैजाने गरेका छन् । सुन्तला खरिदका लागि व्यापारी बगैँचासम्म पुग्ने गरेका छन् । काठमाडौँका अलवा पोखरा, नारायणगढलगायत ठाउँमा यहाँको सुन्तला बिक्री हुने गरेको छ । यसका साथै जिल्लाकै दमौली, दुलेगौडा, खैरेनीटार, भिमादलगायत ठाउँमा यहाँको सुन्तला बिक्री हुने गरेको किसान बताउँछन् ।

# तनहुँमा विकास बजेट खर्च १७ प्रतिशत

**टुडे समाचारदाता**

तनहुँ । चालु आर्थिक वर्षमा तनहुँमा विकास बजेट खर्च सन्तोषजनक नभएको पाइएको छ । साउनदेखि माघ मसान्तसम्म सात महिनाको अवधिमा विकास बजेटतर्फ १७ प्रतिशत मात्रै खर्च भएको छ ।

पुँजीगततर्फ सङ्घीय सरकारमार्फत रु तीन अर्ब ७५ करोड ८२ लाख ७६ हजार आठ सय २९ विनियोजन भएकामा रु ६३ करोड ८८ लाख ६१ हजार चार सय ९२ खर्च भएको प्रमुख कोष नियन्त्रक विनोद भट्टराईले जानकारी दिए । उनका अनुसार चालुतर्फ रु आठ अर्ब ७६ करोड ३६ लाख १७ हजार ६१ विनियोजन भएकामा रु चार अर्ब ७७ करोड ४६ लाख ६८ हजार चार सय ८२ खर्च भएको छ । यो ५४.४८ प्रतिशत हो ।

प्रदेश सरकारमार्फत विनियोजित बजेटमध्ये पुँजीगततर्फ २१.६४ प्रतिशत बजेट खर्च भएको छ । माघ मसान्तसम्ममा सङ्घ भन्दा प्रदेश सरकार मातहतका कार्यालयले विकास बजेट बढी खर्च गरेका कोष नियन्त्रक भट्टराईले बताए । पुँजीगततर्फ रु दुई अर्ब ६२ करोड ५५ लाख १३ हजार विनियोजन भएकामा रु ५६ करोड ८२ हजार ४८ लाख हजार दुई सय ६६ खर्च भएको उनले बताए ।

त्यस्तै, चालुतर्फ रु ८३ करोड ६४ लाख ८९ हजार चार सय विनियोजन भएकामा रु २६ करोड ६६ लाख दुई हजार ४७ अर्थात ३१.८७ प्रतिशत बजेट खर्च भएको छ । योजना छनोट गरेर लागू गरेपछि सुरुको त्रैमासिकमा बोलपत्र प्रक्रिया हुने, बोलपत्र प्रक्रिया पूरा भएर काम सुरु गर्न तीन महिना लगाउने र कामको गति नबढाउनेलगायत कारणले विकास बजेटको खर्च न्यून देखिएको सो कार्यालयले जनाएको छ ।

कार्यालयका अनुसार सात महिनामा सङ्घ र प्रदेशको गरी १८ दशमलव ९१ प्रतिशत विकास अर्थात पुँजीगत बजेट खर्च भएको छ । पुँजीगत बजेट रु छ अर्ब ३८ करोड ३७ लाख ८९ हजार आठ सय २९ मा रु एक अर्ब २० करोड ७१ लाख नौ हजार सात सय ५९ खर्च भएको छ । यस्तै, चालुतर्फ ५२ दशमलव ५१ प्रतिशत खर्च भएको छ । चालुतर्फ रु नौ अर्ब ६० करोड एक लाख छ हजार चार सय ६४ खर्च भएको कोष नियन्त्रण कार्यालयले जनाएको छ ।चालु आर्थिक वर्षको माघ मसान्तसम्ममा सङ्घ सरकारतर्फ रु छ अर्ब ६२ करोड ७६ लाख ६२ हजार एक सय ८८ राजस्व सङ्कलन भएको छ भने प्रदेशतर्फ रु १४ करोड ५२ लाख ३८ हजार पाँच सय ८८ राजस्व सङ्कलन भएको कोष नियन्त्रक भट्टराईले जानकारी दिए ।

# 'आलुखेतीभन्दा स्याउबाट धेरै आम्दानी'

**टुडे समाचारदाता**

सल्लेरी । हिमाली जिल्ला सोलुखुम्बुमा स्याउ उत्पादन क्रमिक रुपले वृद्धि हुँदै गएको छ । पछिल्लो तीन आर्थिक वर्षको तथ्याङ्कलाई विश्लेषण गर्दा जिल्लामा स्याउ उत्पादन क्रमिक रुपले वृद्धि भएको पाइएको छ । कृषि ज्ञान केन्द्र सोलुखुम्बुको अनुसार आव २०७८/०७९ मा एक हजार एक सय ९३ मेट्रिकटन, ०७९/०८० मा एक हजार तीन सय नौ मेट्रिकटन र ०८०/०८१ मा एक हजार तीन सय ८६ मेट्रिकटन स्याउ उत्पादन भएको छ ।

जिल्लाामा पछिल्लो वर्ष उच्च गुणस्तरको (आइडेन्सीटी) स्याउ खेती विस्तारको क्रम बढेकाले उत्पादन पनि बढ्दै गएको कार्यालयका सूचना अधिकारी कुलबहादुर राईले बताए । उनले भने, "जिल्लामा विगतमा गरिएको रैथाले जातको स्याउको बोटहरु सबै मासिएको छ, तर अहिले यो उच्च गुणस्तरको स्याउ खेती सुरु गरिएको छ । यो दश ६/७ वर्ष भयो होला नयाँ प्रजातिको स्याउ भित्रिएको यसले राम्रै आम्दानी दिरहेको छ ।"

यद्यपि सुरुआतको केही वर्षमा राम्रै आम्दानी दिए पनि बोट पुरानो हुँदै गएपछि उत्पादनमा गिरावट आउने लक्षण देखिएको कृषि विज्ञहरु बताउँछन् । विसं २०७८/०७९ मा दुई सय पाँच हेक्टर, ०७९/०८० मा दुई सय २१ र ०८०/०८१ मा दुई सय ३० हेक्टरमा गरिएको स्याउ खेतीले उत्पादन दिएको हो । उत्पादकत्व पनि क्रमशः बढिरहेको छ । आव ०७८/७९ मा प्रतिहेक्टर ५.८२ मेट्रिकटन, ०७९/०८० मा ५.९२ र ०८०/०८१ मा ६.३ मेट्रिकटन रहेको छ । जिल्लामा हाल दुई सय ३३ हेक्टर क्षेत्रफलमा स्याउ खेती गरिएको छ । यसमा सोलुदूधकुण्ड नगरपालिका-४, ५, ६, ८, ९ र १० बढी खेती हुने गरेको कृषि ज्ञान केन्द्रले जनाएको छ । उत्पादित स्याउ अधिकांश जिल्लामै खपत हुने गरेको छभने केही मात्रामा जिल्लाबाहिर पनि निर्यात भएको छ । चिसोका कारण रङमा राम्रोसँग विकास नभएको ज्ञान केन्द्र प्रमुख दुर्गाबहादुर तिरुवा बताउछन् । जिल्लाको गोरा, टाप्टिङ, पत्तालेलगायत क्षेत्रलाई प्रधानमन्त्री कृषि आधुनिकीकरणले स्याउ पकेट क्षेत्र नै घोषणा गरेर काम गरिरहेको छ ।

पकेट क्षेत्र हुँदा उत्पादनमा केही मात्रामा वृद्धि भए पनि त्यसपश्चात् किसानले स्याउको हेरचाह गर्न नसक्ने कतिपय स्थानीय किसान बताउँछन् । पछिल्लो समय स्याउमा एक प्रकारको अैजेरु तथा बोट र फलमा कालो हुने रोग देखिएको छ । उक्त समस्याको समाधान किसानका लागि महँगो पर्ने उनीहरुको भनाइ छ । विगतमा जिल्लाको गोरा, टाप्टिङ क्षेत्रलाई स्याउको हब नै मानिन्थ्यो ।

सो क्षेत्रमा वार्षिक १० हजार टनभन्दा बढी स्याउ उत्पादन हुने गरेको एक वृद्ध लाक्पा शेर्पाले बताए । सो समय यहाँ उत्पादित स्याउ खपत नभएर घरेलु मदिरा उत्पादन गर्नेदेखि वस्तुभाउलाई खाउने प्रयोगजनका लागि समेत



प्रयोग गरिने गरेको उनको भनाइ छ । तर ती रैथाने जातका स्याउहरु पछिल्लो २० वर्षमा सबै लोप भएको शेर्पाको अनुभव छ । उनले भने, "पहिला त सोलुको गोरा, टाप्टिङको स्याउ भनेपछि यहाँ मात्रै हैन काठमाडौँसमेत राम्रो चर्चा थियो, यहाँबाट कोसेलीका रुपमा धेरै काठमाडौँ जान्थ्यो, तर अहिले त ती स्याउहरु कहाँ छन् र ? सबै रोगले सखाप नै पाऱ्यो नि । रूख बुढा पनि भयो, त्यसको उपचार गर्न पनि कसैले ध्यान दिएर त्यही भएर सबै बोट मऱ्यो ।" स्याउमा देखिएको रोगका कारण जिल्लाका विभिन्न क्षेत्रमा गरिएको रैथाने जातको स्याउको अस्तित्व सङ्कटमा परेको छ । रैथाने जातमा रोग देखिएपछि किसानले उन्नत जातको हाइडेन्सिटी स्याउ खेती सुरु गरेका हुन् । तामाखानीका किसान कर्मा गेलु शेर्पाले भने, "हामीले पहिलो त २०/२५ बोट गोल्डेन, फुजी जातको स्याउ लगाएका थियौँ, मेरो बुबाहरुले नै त्यो जातको स्याउ खेती गरेका थिए, हामीले त्योबाट राम्रै आम्दानी पनि गरेका थियौँ तर पछिल्लो समय ती स्याउहरु सबै मरेर सखाप भयो, रोगले आक्रमण गरेपछि हामीले स्याउको बोटहरु बचाउन सकेनौँ ।"

पुराना जातका स्याउहरु ऐँजेरु, बोट मर्ने, फल नदिनेजस्ता कारणहरुले मर्दै गएको हो भने कतिपय रूख बुढो भएका कारण आफैँ झर्दै गएको स्याउ किसान कर्मा शेर्पाको भनाइ छ । त्यसपछि केही वर्ष स्याउ खेतीबाट निराश बनेका किसान पछिल्लो एक दशकयता उच्च घनत्वको स्याउ खेतीले आशा जगाएको स्थानीयबासी बताउँछन् । नयाँ प्रजातिको स्याउले रोपेको छोटो समय एक वर्षमै उत्पादन दिने भएकाले किसानको रोजाइ यसतर्फ सोझिएको ज्ञान केन्द्रका सूचना अधिकारी राईले बताए ।

यो प्रजातिको स्याउको बोट सानो र होचो हुने तथा कम क्षेत्रफलमा धेरै बोट लगाउन सकिनाका साथै उत्पादनसमेत बढी दिने भएकाले किसान अन्य बाली मासेर भए पनि स्याउ खेतीमा अग्रसर बनेका छन् । उत्पादित स्याउलाई बजारको समेत अभाव नभएकाले किसानले खेती गर्न रुचाएका छन् ।जिल्लामा उत्पादन भएको स्याउ कतिपय जिल्लामै खपत हुन्छ भने आधाभन्दा बढी जिल्लामा कार्यरत कर्मचारीले घर बिदामा जाँदा कोसेलीका रुपमा लैजाने भएकाले खपत राम्रो रहेको किसानको भनाइ छ ।

### पत्ताले बन्दै स्याउ हब

सोलुदूधकुण्ड नगरपालिका-८ पत्तालेका युवाले स्याउ खेतीबाट मनग्य आम्दानी लिन थालेका छन् । यस क्षेत्रका आठजना युवाले करिब दुई वर्षअघिदेखि सामूहिक रुपमा सुरु गरेको व्यावसायिक स्याउ खेतीबाट अहिले राम्रो आम्दानी लिन थालेका हुन् । आफूहरुले वर्षमा पाँचदेखि आठ लाखसम्म आम्दानी गरेको एग्रो टुरिजम डेभलपमेन्ट फार्म पत्तालेका सञ्चालक कर्मा शेर्पाले बताए ।

फार्ममार्फत एक सय ८६ रोपनी जग्गामा १८ हजार स्याउको बिरुवा रोपेको फार्म सञ्चालक शेर्पाको भनाइ छ । इटलियन जातको स्याउबाट यस आर्थिक वर्षमा रु पाँच लाखभन्दा बढी आम्दानी भएको शेर्पाले बताए । पहिलोपटक उत्पादन भएको स्याउ घुम्न आउनेहरु पर्यटकले फार्ममै आएर किनेकाले बजार खोज्न नपरेको उनको भनाइ छ । आउँदो दिनमा स्याउबाट जुस, जामलगायत उत्पादन गर्ने उनीहरुको योजना छ ।

आलु मात्रै उत्पादन हुने पत्ताले क्षेत्रमा युवा मिलेर सुरुमा एक करोड रुपैयाँ लगानीमा तीन हजार स्याउको बिरुवा रोपेका थिए । अहिले बगैँचामा १८ हजार बिरुवा पुगेको उनीहरुले बताएका छन् । आलु खेतीबाट भन्दा स्याउबाट राम्रो आम्दानी लिन सकिने भएकाले यसतर्फ लागेको उनीहरुको भनाइ छ । उनीहरुले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाबाट रु ५५ लाख ६२ हजार अनुदानसमेत प्राप्त गरेका थिए । यसरी सरकारले प्रदान गरेको अनुदानले आफूहरुलाई झन् उत्साहित बनाएको सञ्चालक शेर्पाले बताए ।

उनले भने, "आलुभन्दा स्याउबाट धेरै फाइदा रहेछ, युवा मिलेर जुनसुकै व्यवसाय गरे पनि राम्रै आम्दानी लिन सकिने रहेछ, स्याउखेतीबाट हामी त धेरै सन्तुष्ट छौँ ।" झन्डै दुई हजार आठ सय मिटरको उचाइमा पर्ने पत्ताले क्षेत्रमा यसअघि व्यावसायिक रुपमा स्याउ खेती गरिएको थिएन । आलुका लागि प्रख्यात पर्यटकीय गाउँ पत्तालेलाई स्याउ उत्पादन हुने क्षेत्रका रुपमा विकास गर्ने योजना रहेको युवा कृषकले बताएका छन् ।

# बल्ल 'क्याथल्याब' मेसिन उपयोगमा

**टुडे समाचारदाता**

लुम्बिनी । लुम्बिनी प्रादेशिक अस्पतालमा डेढ वर्षदेखि थन्काइएका मुटुसँग सम्बन्धित उपकरणको बल्ल सदुपयोग भएको छ । अस्पतालको कोठामा थन्किएका करोडौँ मूल्यका 'क्याथ ल्याब मेसिन'बाट बिरामीको उपचार सुरुआत गरिएको छ ।

अस्पतालमा मुटु रोगका बिरामीको उपचारका लागि भनेर प्रदेश सरकारले खरिद गरेका करोडौँ मूल्यका यस्ता स्वास्थ्य उपकरण सञ्चालन नगरी थन्काइएको विषयमा राससले गत भदौ २९ गते ' महङ्गा स्वास्थ्य उपकरण अस्पतालका कोठामा थन्किए' शीर्षकमा समाचार प्रकाशित गरेको थियो ।यस्ता उपकरण सञ्चालनका लागि आवश्यक जनशक्ति व्यवस्थापनसँगै सेवा सुरु गरिएको मेडिकल सुपरिटेन्टेन्ट डा सुदर्शन थापाले जानकारी दिए । अस्पतालका अस्पतालमा मुटु रोगका बिरामीको चाप बढ्दै गएपछि बिरामीलाई सहज र गुणस्तरीय उपचार सेवा दिन क्याथ ल्याब सेवा सुरु गरिएको उनले जानकारी दिए ।

वरिष्ठ मुटु रोग विशेषज्ञ डा अर्जुन बुढाथोकीसहितको




आएका छन् । अब मुटुसम्बन्धी समस्याका बिरामीको रोगको छिटो पहिचान गरी उपचार सेवा प्रदान गर्न सकिने उनको भनाइ छ ।

लुम्बिनी प्रदेश सरकार स्वास्थ्य मन्त्रालयले क्याथ ल्याब सञ्चालनका लागि रु २२ करोड विनियोज गरेको छ । सेवा सञ्चालनका लागि लुम्बिनी प्रदेशको पहिलो सरकारकै पालामा पहल भएको र हाल आएर सेवा सञ्चालनमा आएको हो ।कार्डियोलोजी विभागका जनस्वास्थ्य निरीक्षक रामप्रसाद अर्यालका अनुसार अस्पतालमा सिमेन आरसीटी एस मेसिन रहेको यसले मुटुसम्बधी उपचार गर्न

> "मोटराइज्ड स्पाइलर इन्डोसकोपी" भने बिरामीको आन्द्राको पूरै भागबाट हेरेर रोग पत्ता लगाउन प्रविधि रहेको मेसु थापाले जानकारी दिए । यी उपकरण संघीय सरकारको विनियोजित बजेटबाट करिब रु ६ करोडभन्दा बढी लागतमा खरिद गरिएका हुन् ।

विशेषज्ञ टोलीले अब प्रादेशिकअस्पतालमैमुटुकोउपचार गर्नेछन् । वरिष्ठ मुटु रोग विशेषज्ञ डा बुढाथोकीको नेतृत्वमा बिरामीको एनजीओग्राम गरेर सेवा सुरु गरिएको र अबदेखि एन्जिओग्राम र एन्जियोप्लास्टिकका उपचार सेवा यहीँबाट गरिने मेसु डा थापाले जानकारी दिए ।

एन्जिओग्राम (मुटुको धमनीमा कति ब्लकेज छ भनेर हेर्ने जाँच) सेवा सुरु भएको थप सेवा विस्तार हुँदै जाने उनले बताए । डा बुढाथोकीको नेतृत्वमा डा रोशन घिमिरेसहितको टोलीले अस्पतालमा मुटुका बिरामीलाई स्वास्थ्य सेवा प्रदान गर्दै सकिनेछ । क्याथल्याबमा दुईजना चिकित्सक, दुई स्टाफ नर्स, एकजना एनेस्थेसिया र एक हेल्पर गरी जम्मा आठजनाले सेवा दिइने उनले बताए ।

मुटुसम्बन्धी समस्या भएर केही दिनअघि अस्पतालमा आएका दुईजना बिरामीको उपचार गर्दै सेवा सुरु भएको मेसु डाक्टर थापाले बताए । उपचारपछि दुवै बिरामीको अवस्था सामान्य भएको छ । लुम्बिनी प्रदेश अस्पतालले प्रदेशकै विशेषज्ञ सेवासहितको सेवा प्रदान गर्दै आएको छ । अस्पतालमा बहिरङ्ग (ओपीडी) मा दैनिक बिरामीको परीक्षण र उपचार गर्ने क्षमता पाँच सय जति रहेको छ तर यहाँ दैनिक दुई हजार पाँच सयसम्म बिरामी उपचारका लागि आउँछन् ।

### अझै प्रयोगमा आएनन् पेट रोगको उपचारका मेसिन

प्रादेशिक अस्पतालमा 'ग्यास्ट्रोइन्टेरोलोजिस्ट'को सेवा प्रदान गर्ने उद्देश्यले करिब डेढ वर्षअघि नै 'इआरसीपी' मेसिन र 'मोटराइज्ड स्पाइलर इन्टेरोसेपी' मेसिन गरिद गरेर राखिएको छ । यी स्वास्थ्य उपकरणमध्ये 'इआरसीपी' मेसिन बिरामीको पित्त तथा कलेजोबाट निस्कने नलीको भागलाई रोग पहिचानका लागि दूरबिनबाट हेर्ने र कुनै ठाउँमा पत्थरी रोकिएको रहेछ भने निकाल्ने तथा उपचार गर्ने प्रविधि रहेको प्रादेशिक अस्पतालका मेसु थापाले जानकारी दिए ।

यस्तै 'मोटराइज्ड स्पाइलर इन्डोसकोपी' भने बिरामीको आन्द्राको पूरै भागबाट हेरेर रोग पत्ता लगाउन प्रविधि रहेको मेसु थापाले जानकारी दिए । यी उपकरण सङ्घीय सरकारको विनियोजित बजेटबाट करिब रु ६ करोडभन्दा बढी लागतमा खरिद गरिएका हुन् । आधुनिक प्रकारका यी उपकरणसहितको सेवा सञ्चालन गर्न 'इआरसीपी', 'इन्स्टरोस्कोपी' विषयमा तालिम लिएको डिएम ग्यास्ट्रोइन्टेरोलोजिस्ट जनशक्ति आवश्यक पर्ने हुन्छ ।


## भूमिसुधार तथा मालपोत कार्यालय, धनुषाको
## हकदावी सम्बन्धी ३५ दिने सूचना

यसमा जि.ध. मखनाहा गा.वि.स. वडा नं. १ हाल सबैला न.पा. वडा नं. ५ मा बस्ने सिताराम यादवको नाति गोसाई यादवको छोरा राम पुकार यादवले ऐ.ऐ. बस्ने सिताराम यादवको छोरा गोसाई राउतको नाममा दर्ता कायम रहेको जि.ध. गोविन्दपुर वडा नं. ३क कि.नं. १११ क्षेत्रफल ०-२-१०-० वडा नं. ८ कि.नं. ५१ क्षे.फ. ०-७-७-० जग्गाको सम्मानित श्री धनुषा जिल्ला अदालतको च.नं. ८५५२ मिति २०८०/०८/०८ को पत्रानुसार दर्ता श्रेस्ताको प्रमाणित प्रतिलिपी पठाई दिने उल्लेख भए आएको पत्रानुसार ज.ध. दर्ता श्रेस्ताको प्रमाणित प्रतिलिपी पठाउन आवश्यक भएको हुनाले यस कार्यालयको मोठ श्रेस्तामा तपसिल बमोजिमको जग्गा खोजतलास गर्दा श्रेस्ता जीर्ण भईसकेको श्रेस्ता कायम गरी पाउँ भन्ने व्यहोराको माग निवेदन ।

यसमा निवेदकको माग दावी अनुसारको नयाँ श्रेस्ता कायम गर्दा कोही कसैलाई कुनै किसिमको असर फरक पर्ने भए वा ज.ध. स्व. गोसाई राउत बाहेक अन्य कोही व्यक्तिको जग्गा भएको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफुसंग भएको सबुत प्रमाण लिई तपसिलमा उल्लेखित भएको जग्गाको दाबी उजुरी गर्न यस कार्यालयमा आउनु होला । सूचनाको म्याद भित्र दाबी उजुरी नपरी म्याद समाप्त भएमा कानून बमोजिम भई जाने व्यहोरा यसै सूचनाबाट सबैमा सूचित गरिएको छ।

**तपसिल**

| जिल्ला | गा.वि.स. | वडा नं. | कि.नं. | क्षे.फ. | कैफियत |
|---|---|---|---|---|---|
| धनुषा | धनुषा गोविन्दपुर | ३क | १११ | ०-२-१०-० | |
| धनुषा | धनुषा गोविन्दपुर | ३क | ५१ | ०-७-७-० | |

# कारवाही गर्न र जोगिन दुबै पक्षले प्रधानमन्त्री कार्यालय गुहार्दै

**अनिल तिवारी**

वीरगञ्ज । किर्ते जालसाजी र अवैध नागरिकता प्रकरणबाट जोगिनवीरगञ्जमहानगरपालिकाकामेयर राजेशमान सिंहले प्रधानमन्त्री कार्यालयलाई गुहारेका छन् ।

मेयर सिंहले आफ्ना विश्वसनीय सहयोगी सत्यराज घिमिरेसँग प्रधानमन्त्री पुष्पकमल दाहाल'प्रचण्ड'को निजी सचिव अर्जुन भण्डारीलाई भेटन आइतबार प्रधानमन्त्री कार्यालय पुगेका थिए ।

मेयर सिंह प्रधानमन्त्री कार्यालयमा रहेकै बेला उनीमाथि नागरिकता र जन्मदर्ता किर्ते जालसाजी गरेको उजुरी दिएका सहाबुद्दिन , शशिकपुर मियाँ लगायतका नेताहरु पनि पुगेका थिए ।

सहाबुद्दिन र मियाँ प्रधानमन्त्री कार्यालयका सचिव अर्जुन पोखरेलसित भेंटेका थिए । उनीहरुले स्थानीय प्रशासन कारबाही गर्न आलटाल गरेको आरोप लगाउँदै जन्मदर्ता किर्ते र नागरिकता किर्तेमा मुद्दा चलाउन सचिव पोखरेलको ध्यानाकर्षण गराएका थिए ।

मेयर सिंह र सहाबुद्दिनको टोलीले पालैपालो गृह, र प्रधानमन्त्री कार्यालयका सचिवहरुसित भेंटेका छन् । सिंहले आफूलाई फसाउन विपक्षीहरुले नियोजित रुपमा लागेको जनाउँदै मेयरको रुपमा आफूलाई पचाउन नसकेको आरोप लगाउने गरेको स्रोतहरुले जनाएका छन् ।

नागरिकता सम्बन्धी छानबिन गर्न गृहमन्त्रालयबाट खटेको टोलीले सोमबार सम्म प्रतिवेदन बुझाउने बताइएको छ । 'दुई/तीन दिन भित्र छानबिन समितिले प्रतिवेदन बुझाएपछि थप प्रक्रिया थालिने छ ' गृहसचिवको भनाई उद्धृतगर्दै सहाबुद्दिनले भने, जन्मदर्ता किर्ते जालसाजीको विषयमा पनि छानबिन प्रहरीले गरिरहेको छ ।

नागरिकता र जन्मदर्ताको सरकारी कागजात किर्ते गरेको प्रमाण सहितको गम्भीर मुद्दामा मुछिएका मेयर सिंहले उन्मुक्तिका लागि धनलाई समेत दाउमा लगाएको आरोप विपक्षीहरुले लगाएका छन् ।

शक्तिकेन्द्रहरुलाई प्रभावित गर्न मेयर सिंहले सबै उपायहरु अबलम्बन गरेको सहाबुद्दिनले बताए । आइतबार गृहमन्त्री नारायणकाजी श्रेष्ठसित भेट्ने समय मिलेको उनले बताए ।

मेयरविरुद्धको अभियानमा वार्ड अध्यक्षहरु पनि सक्रिय भएका छन् । वडा नम्बर २ का वडा अध्यक्ष आरके पटेलपनि सहाबुद्दिन सहितको टोलीमा सहभागी छन् ।

जन्मदर्ता किर्ते जालसाजीको जाहेरीलाई जिल्ला प्रहरी कार्यालय पर्साले दर्ता गर्न अस्वीकार गरेपछि जिल्ला सरकारी वकील कार्यालय मार्फत दर्ता गराइएको छ । उजुरीकर्ताहरुले कार्वाही गर्ने देशको सबै निकायलाई गुहारेका छन् ।

नागरिकतामा थोरै जोगिने आश गरेका मेयर सिंह जन्मदर्ता सम्बन्धी सरकारी कागजात किर्ते जालसाजीमा जोगिने संभावना देखेका छैनन् । संघीय गठबन्धनमा जोगाउने सहमति भए बाहेक उनलाई जोगाउन सहज नरहेको अधिकारीहरुले बताएका छन् ।

> जन्मदर्ता किर्ते जालसाजीको जाहेरीलाई जिल्ला प्रहरी कार्यालय पर्साले दर्ता गर्न अस्वीकार गरेपछि जिल्ला सरकारी वकील कार्यालय मार्फत दर्ता गराइएको छ । उजुरीकर्ताहरुले कार्वाही गर्ने देशको सबै निकायलाई गुहारेका छन् ।

# बर्दिबासमा सडक भोजन महोत्सव

**टुडे समाचारदाता**

बर्दिबास । सडक, भोजन र पर्यटनबीचको अन्योन्याश्रित सम्बन्धलाई एकाकार गर्न होटल तथा पर्यटन व्यवसायी संघ महोत्तरीले बिपी राजमार्गको प्रवेश बिन्दु बर्दिबासमा सडक खाना महोत्सव आयोजना गरेको छ । महोत्सव शुक्रबारदेखि फागुन ७ गतेसम्म चल्नेछ ।



नेपाल होटल तथा पर्यटन व्यवसायी महासंघका मधेश प्रदेशका अध्यक्ष हीरा गौतमका अनुसार बर्दिबास सडक खाना महोत्सव हाम्रा लागि मात्र नभइ सम्भवतः मधेश प्रदेशकै लागि नौलो अभ्यास र पहिलो थालनी हो ।

"महोत्सवमा मधेश प्रदेशका ८ वटै जिल्लाको भोजन संस्कृतिलाई समेट्न रौतहटको कटिया (मासुको परिकार), बाराको सेकुवा, धनुषाको तरुवा (मिथिला भोजन), सिराहा कमलाको माछा र सप्तरी बरमझियाको पेडाको आनन्द एकै थलोबाट लिने व्यवस्था मिलाइएको छ", उनले भने- "यसले मधेश प्रदेशका जिल्लाहरुबीच सामाजिक, सांस्कृतिक र व्यापारिक सहयोग, सम्बन्ध र सौहार्दतामा वृद्धि हुनेमा हामी आशावादी छौं ।"

उनले तीन दिनसम्म आयोजना हुने सडक भोजन महोत्सवले व्यापार व्यवसायलाई गति दिनुका साथै आन्तरिक पर्यटनको जगमा इँटा थप्ने काम गर्ने बताए । मधेश प्रदेशको भोजन संस्कृति, सृजना, स्थानीय उत्पादन र पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने विश्वासका साथ सडक भोजन महोत्सवको आयोजना गरिएको छ ।

यस्तै, होटल तथा पर्यटन व्यवसायी संघ महोत्तरीका अध्यक्ष गुञ्ज खड्काका अनुसार महोत्सवमा ५० वटा होटलको सेवा एउटै थलोबाट दिने व्यवस्था मिलाइएको छ । "मधेश प्रदेशको भोजन संस्कृतिलाई यसै थलोबाट पस्कने जमर्को पनि गरेका छौं । महोत्सवमा सडक भोजनका साथै स्थानीय र राष्ट्रिय कला संस्कृतिको प्रस्तुतिको व्यवस्था पनि मिलाइएको छ । यसले मधेश प्रदेश र बर्दिबासको पहिचान अभिवृद्धिमा योगदान पुग्ने अपेक्षा छ", उनले भने ।

उनका अनुसार महोत्सव आयोजनामा १५ लाख खर्च लाग्ने अनुमान छ । यसमध्ये साढे ६ लाख बर्दिबास नगरपालिकाले सहयोग गरेको छ । "यो मधेश प्रदेशकै लागि नौलो अभ्यास र पहिलो प्रस्तुति भएकोले महोत्सवको सफलताका लागि सबैको सहयोग, शुभेच्छा र सहभागी हुनुपर्छ", उनले भने । होटल तथा पर्यटन व्यवसायी संघ महोत्तरीका महासचिव नारायण घिमिरेले महोत्सवमार्फत मधेशको मौलिक खाना भुजिया, तरुवा, बगिया, करी वरी जस्ता परिकारको स्वाद र पहिचान बढाई व्यवसायीकरण गर्ने सोच रहेको बताए ।

होटल तथा पर्यटन व्यवसायी संघ महोत्तरीका सचिव परमेश्वर महतोले पनि कोरोनापछिको आर्थिक मन्दीले आक्रान्त बनेको बजारलाई चलायमान बनाउने उद्देश्यले सडक खाना महोत्वस आयोजनको तयारी गरेको जानकारी दिए । "यो महोत्सव आफैँमा नौलो प्रस्तुति भएकोले यसप्रति सबैको चासो र उत्सुकता बढेको छ । मधेशका सबैजसो समुदायको भोजन संस्कृतिलाई समेट्ने प्रयास गरेका छौं । खाना महोत्सव व्यापार प्रवर्द्धनका साथै सामाजिक सौहार्दताको प्रतीक बन्ने अपेक्षा छ", उनले भने ।

# जनकपुरधाम परिक्रमा क्षेत्रलाई मद्य-मांस मुक्त गर्ने मार्गचित्र

ब्लग :



श्यामसुन्दर शशि



माघ १२ गते जनकपुरधाम उप-महानगर पालिकाका प्रमुख मनोजकुमार साह सार्वजनिक सूचना प्रकाशित गरेर जनकपुरधामको परिक्रमा क्षेत्र भित्र माछा, मासु र मदिरा बिक्री वितरणमाथि रोक लगाउने घोषणा गर्नुभयो । सूचनाको पेटबोलीमा लेखिएको थियो- 'सदियौं देखि चलि आएको परम्परा र पवित्रता कायम गर्नुपर्ने भएकोले जनकपुरधाम उपमहानगर पालिकाको अन्तरगृह परिक्रमा सडक र सो क्षेत्र भित्र मिति २०८० माघ १४ गतेदेखि नै लागु हुने गरी कुनै पनि पशु-पंक्षी बध तथा माछा मासु र अण्डा खरिद बिक्री वितरण एवम् मदिरा सेवन/बिक्री वितरण लगायतका कार्यहरु नगरीदिनहुन.....सरोकारवालाहरुसंग अनुरोध छ ।'

यद्यपि सूचना प्रकाशित भएको दुई साता सम्म नगर प्रमुख साहको उर्दी कार्यान्वयन हुन सकेको छैन तर यस सूचनाले जनकपुरधामको पुरानो घाउ पुनःताजा हुन पुगेको छ । शान्त सरोवरमा ढुंगा फाले जस्तै मिथिलानगरी पुनः तरंगित हुन पुगेको छ । पक्ष र विपक्षमा वहस हुनथालेका छन् । वर्तमान नगर प्रमुख साहले पनि पूर्व नगरप्रमुख बजरंगप्रसाद साहकै हविगत त भोग्नु पर्दैन ? भन्ने अटकल पनि लगाउन थालिएको छ ।

अन्तरगृह परिक्रमा क्षेत्र भित्र माछा



मासु र मदिरा बिक्री वितरण माथि रोक लगाउनु अघि जनकपुरधाम उपमहानगर पालिकले यी विन्दुहरुमाथि विचार गर्नु आवश्यक थियो । पहिलो बिसं १९३३ माघ ११ गते प्रधानमन्त्री जङ्गबहादुर राणाले जारी गरेको काष्ठपत्र, दोश्रो यिनै काष्टपत्रलाई आधार बनाई तत्कालीन नगर प्रमुख बजरंग प्रसाद साहले २०५४ सालमा जनकपुरधाम नगर क्षेत्र भित्र माछा मासु र मदिरा बिक्री वितरण माथि रोक लगाउनु र तेश्रो स्थानीय होटल व्यावसायीहरुको रिट निवेदन माथि पुनरावेदन अदालत जनकपुरको २०५६ साल पुस २९ गते तथा सर्वोच्च अदालतको २०६२ साल जेष्ठ २४ गतेको सुनाएको आदेश । यी विन्दुहरु माथि गम्भिरतापूर्वक विचार गरिएन भने वर्तमान नगर प्रमुखले पनि बजरंगप्रसाद साहकै नियतिभोग्नु नपर्ला भन्न सकिन्न ।

५२ कुटी ७२ कुण्डाको नगरको रुपमा चिनिने मिथिला नगरी जनकपुरधामको धार्मिक परम्परालाई जोगाई राख्न जङ्गबहादुर राणाले बिसं १९३३ साल माघ ११ गते(सन् १८७७)मा काष्टपत्र आदेश जारी गरेकाथिए । जसमा परिक्रमा क्षेत्रभित्र माछा, मासुको बिक्री वितरण माथि रोक लगाएको थियो । चरा-चुरुङीको सिकार तथा खसी, बाख्रा आदिको काटमार (बध) गर्न रोक लगाएको थियो । कष्ठपत्रमा माछा, चरा-चुरुङी तथा जनावरलाई बध गर्नेमाथि जरिवानाको प्रावधान थियो । माछा तथा चरा-चुरुङी मार्नेलाई प्रतिगोटा २ नेपाली रुपैयाँ तथा जनावर बध गर्नेलाई ५ नेपाली रुपैयाँ जरिवाना गर्ने प्रावधान थियो । माछा, चरा वा जनावर मार्नेलाई, मारेको माछा, चरा तथा जनावर सहित पक्राउ गरी प्रहरीको जिम्मा लगाउनेलाई पुरस्कारको व्यवस्था गरिएको थियो । घटना देखेर, सुनेर वा बुझेर प्रहरीलाई सूचित नगर्ने माथि पनि जरिवानाको प्रावधान थियो । मारिएको माछा, चरा-चुरुङी तथा जनावर सहित प्रहरीको जिम्मा लगाउने सर्वसाधारणलाई असुल उपर गरिएको जरिवाना मध्ये एक चौथाई पुरस्कार को रुपमा प्रदान गर्ने तथा प्रहरीलाई सूचना नदिने संग उल्लेखित जरिवानाको आधा जरिवाना तिराउने व्यवस्था थियो ।

काष्ठपत्रमा जनकपुरधाम अन्तरगृह र बाहिर (जानकी मन्दिरलाई केन्द्र मानि वरिपरीका १० मिलभित्र) का पवित्र पोखरीहरुको पानीले खेत सिँचाई गर्न, लुगाधुन, गाई-भैसी नुहाउन, भाडा वर्तन धुन, दिसा पिसाव गर्न र धुन निषेध गरिएको थियो । यी कृयाकलाप गर्ने लाई पक्राउ गरी प्रचलित कानुन वमोजिम जरिवाना गर्ने उल्लेख पनि थियो ।

२००७ सालपछिका शाही सरकारले पनि काष्ठपत्रमा अभिव्यक्त आदेश कार्यान्वय नगर्न पटक पटक जिल्ला प्रशासन कार्यालय धनुषालाई ताकेता गरेको अभिलेखहरु प्राप्त हुन्छ । बि.सं २०२९ साल भदौ २० गते गृह मन्त्रालयले जिल्ला प्रशासन कार्यालय धनुषालाई निर्देशन दिइएको थियो । जसमा उल्लेख थियो- श्री ५ को सरकारको मिति २०२९ साउन २६ को निर्णय अनुसार परिक्रमा सडक भित्र मद्य-मांस बिक्री वितरण तथा माछा, चरा-चुरुङी एवं जनावर वधमाथि रोक लगाउने निर्णय भएको छ । निर्णय कार्यान्वय नगर्न निर्देशन दिइएको छ ।

जङ्गबहादुर राणाको पालादेखि चल्दै आएको परम्परालाई निरन्तरता दिने उद्देश्यले जनकपुरधाम उपमहानगर पालिकाका तत्कालीन प्रमुख बजरंग प्रसाद साहको अध्यक्षतामा २०५४ सालमा बसेको नगर कार्यपालिकाको बैठकले परिक्रमा क्षेत्र भित्रका होटल तथा रेष्टुरेन्टहरूमा मद्य-मांस बिक्री वितरणमाथि रोक लगाउने निर्णय गऱ्यो । निर्णयको विरोधमा होटल व्यावसायीहरु पुनरावेदन अदालत जनकपुरधाममा रिट निवेदन दर्ता गराएका थिए । पुनरावेदन अदालत जनकपुरधामले २०५६ साल पुस २९ गते होटल व्यावसायीहरुको मांग अनुसार निधेषाज्ञा जारी गर्न अस्वीकार गऱ्यो । अर्थात् परिक्रमा क्षेत्र भित्र मद्य मांस बिक्री वितरणमाथि जनकपुरधाम नगरपालिकाले लगाएको रोकलाई सदर गरी जङ्गबहादुर राणाको काष्ठपत्र आदेशलाई निरन्तरा दिएको थियो ।

होटल व्यावसायीहरु पुनरावेदन अदालतको फैसला विरुद्ध सर्वोच्चमा पुग्यो । सर्वोच्च अदालतका न्यायाधीश अनुपराज शर्मा र बलराम केसीको संयुक्त इजलासले २०६२ साल जेष्ठ २४ गते पुनरावेदन अदालत जनकपुरधामको फैसला उल्टाइ माछा, मासु बिक्री वितरण माथिको रोक फुकुवा गऱ्यो । सर्वोच्चको आदेशमा भनिएको थियो-'जनकपुरधामको धार्मिक स्वच्छता र पवित्रता कायम राख्ने प्रयोजनको निमित्त होटल रेष्टुरेन्टका व्यावसायीहरुको प्रतिनिधिहरु, प्रत्यक्ष निकाय, अन्य धार्मिक, सामाजिक संघ संस्थाका प्रतिनिधिहरु, इतिहासविद, स्थानीय प्रतिष्ठित व्यक्तिहरुसंगै अन्य आवश्यक व्यक्तिहरु समेत राखी जनकपुरधामको परिक्रमा क्षेत्र निश्चित गरी सो क्षेत्र भन्दा बाहिर निवेदकहरुले कानुन बमोजिम माछा, मासु र मदिरा बिक्री वितरण गर्न एवम् उनीहरुको ग्राहक एवम् पाहुनाहरुले बाहिरबाट ल्याएको मदिरा सेव नगर्न निजहरुलाई कुनै बाधा अवरोध नगर्नु नगराउनु भनि विपक्षीहरुको नाउँमा निषेधाज्ञाको आदेश जारी हुने ठहर छ । निवेदकहरुको निवेदन दाबी समेत खारेज हुने ठहर छ भनि पुनरावेदन अदालत जनकपुरधामले २०५६ पुस २९ गते मा गरेको आदेश उल्टी हुने ठहर छ ।'

सर्वोच्च अदालतले तत्कालीन नगर प्रमुख बजरंगप्रसाद साहले सार्वजनिक गर्नु भएको सूचनाको कानुनी हैसियत माथि पनि प्रश्न खडा गरेको थियो।आदेशमा भनिएकोथियो- 'नगरपालिकले कुन ऐन कानुनको प्रयोग गरी मांस मदिराको बिक्री वितरणमा रोक लगाएको हो । सो सम्मन्धमा नपाद्वारा प्रकाशित सूचनामा उल्लेख भएको देखिन ।'

नेपालको संविधान २०७२ मा कानुन सम्म निर्माण गर्नसक्ने अधिकार सहितको स्थानीय सरकारको परिकल्पना गरेको छ । जनकपुरधाम उपमहानगरपालिका संग पनि उही पुरानो सवाल खडा भएको छ -कुन कानुन अनुसार माछा-मासु-मदिराको बिक्री वितरणमाथि रोक लगाइयो ? अतः जउनपाले यी वस्तुहरुको बिक्री वितरण मथि रोक लगाउनु अघि कानुन निर्माण गर्नु आवश्यक थियो । सर्वोच्चको आदेशमा परिक्रमा क्षेत्र भित्र माछा, चरा-चुरुङ्गी अथवा जनावर बधको विषयमा कुनै टिप्पणी गरिएको छैन । फैसलाको मनसाय नगर पालिकाले परिक्रमा क्षेत्र निर्धारण गरेर मात्र मद्य-मांस र मदिराको बिक्री वितरण माथि रोक लगाओस भन्ने हो । यदि जनकपुरधाम उपमहानगर पालिकाले परिक्रमा क्षेत्रलाई धार्मिक क्षेत्रकै रुपमा विकास गर्न चाहेको छ भन्ने पहिले कानुन निर्माण गर्नु पर्दछ अनि सर्वोच्चले सुझाएको सरोकारवालाहरुको बैठक बोलाई परिक्रमा क्षेत्र घोषणा गर्नु पर्दछ ।

पर्यटनलाई वैश्विक रुपमै उद्योगको मान्यता दिइएको वेला माछा, मासु र मदिराको बिक्री वितरणमथि रोक लगाउनु उचित वा अनुचित? यो छलफलको विषय हुन सक्छ तर जनकपुरधाम जस्ता भारतमा अनेकौं धार्मिक क्षेत्र छन् जहाँ माछा, मासु र मदिरा बिक्री वितरणमाथि रोक लगाइएको भए पनि त्यहाँको पर्यटन उद्योग राम्रै चलेको छ । अर्को तर्फ दुनियामा यस्ता धार्मिक क्षेत्रहरु पनि छन जहाँ माछा, मासु र मदिरा माथि रोक लगाइएको छैन र पनि त्यहाँ धार्मिक आस्था सुरक्षित छ । धार्मिक र आधुनिक पर्यटन फस्टाएको छ । जनकपुरधामको विडम्बना के छ भन्ने यस नगरलाई धार्मिक-सांस्कृतिक पर्यटकीय गन्तव्यको रुपमा विकसित गर्ने कि शैक्षिक हवको रुपमा ? वा अन्य रुपमा? यस विषयमा निर्णय नै गर्न सकेको छैन् ।

## वैदेशिक रोजगारमा पुगेपछि ध्यान दिनुपर्ने कुराहरु

- आफू गएको देशको भाषा, संस्कृति र धर्मको सम्मान गरौं,
- स्वास्थ्य समस्या तथा दुर्घटनाको जोखिमबाट बच्न क्षमताभन्दा बढी काम नगरौं,
- काम गर्ने देशको ट्राफिक नियमको पालना गरौं,
- काम गर्ने देशका प्रचलन र कानूनको पालना गरौं,
- लहैलहैमा लागेर बन्द, हडतालजस्ता क्रियाकलापमा सरिक नहोऔं,
- काम गर्ने मुलुकको कानूनले लैजान, खान र बिक्री गर्न नपाइने वस्तुका विषयमा जानकारी राखौं,

**याद राखौं:**

- आफुखुशी काम छाड्दा वा कम्पनीबाट भाग्दा अवैधानिक र असुरक्षित भई सजायको भागिदार हुने तथा पाउनुपर्ने सेवा, सुविधा र अधिकारबाट बञ्चित हुने भएकोले त्यस्ता कार्य नगरौं ।

**कुनै समस्या परे नजिकको नेपाली दुताबास, सरकारी निकाय, संघ/संस्था वा आप्रवासी स्रोत केन्द्रमा सम्पर्क गरौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

## आवश्यकता

जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा तपसिल बमोजिमको कर्मचारी आवश्यकता भएको हुँदा ईच्छुक महानुभावहरुले बायोडाटा सहित जनकपुर टुडेको कार्यालयमा सम्पर्क गर्नु हुन जानकारी गराईन्छ ।

**कम्प्युटर अपरेटर - १ (एक) जना**

सम्पर्क

**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**

जनकपुरधाम, धनुषा

सम्पर्क नं. : ९८०१६२६०२६, ९८५४०२६०२५




जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८